लेखापरीक्षण प्रतिवेदन

औरही गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

औरही गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/5

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
औरही गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिरहा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/5

मिति : २०८३-१-२९

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

औरही गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

सिरहा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस औरही गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. औरही गाउँपालिकाको आय र व्ययतर्फ गरी रु. १ अर्ब ०३ करोड ४१ लाख २७ हजार को लेखापरीक्षणबाट रु. ५ करोड ३६ लाख ८० हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. १७ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३७ लाख ८८ हजार , नियमित गर्नुपर्ने रु. ९० लाख २० हजार र पेश्की बाँकी रु. १ करोड ९१ लाख १७ हजार गरी जम्मा रु. ५ करोड ३६ लाख ८० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ४३ करोड ३८ लाख ३६ हजार मध्ये रु. ० फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. ४८ करोड ७५ लाख १६ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले औरही गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत औरही गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८६	११८	५,३६,७९,८१०	०	०	०	०	८६	११८	५,३६,७९,८१०	१७,५४,३४३	९०,१९,६३०	२,३७,८८,४३७	०	०	३,२८,०८,०६७	१,९१,१७,४००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिराहा	४३,३८,३५,८२८	०	०	४३,३८,३५,८२८	0	५,३६,७९,८१०	४८,७५,१५,६३८

औरही गाउँपालिका, सिराहा

(८०२१६५०२३००)

औरही गाउँपालिका , सिराहा

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- परिचय- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३५.३७ वर्ग किलोमिटर तथा २०७८ को जनगणना तथ्याङ्क अनुसार २३,०४६ जनसंख्या रहेको छ। यो गाउँपालिका मधेश प्रदेश सिरहा जिल्लामा पर्दछ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१४ देखि २०८२।०८।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फ गरी रु. १ अर्ब ०३ करोड ४१ लाख २७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षणः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

२.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
राजस्व अनुदान र अन्य प्राप्ति						
कर	७५०८७७९२.६१	०	७५०८७७९२.६१	६७११८६८.१९	०	६७११८६८.१९
अनुदान	३०४५५७१६०.	०	३०४५५७१६०.	२३५२९९०००.	०	२३५२९९०००.
अन्य राजस्व	७७९२०६९.२७	०	७७९२०६९.२७	४५१३३७५.७१	०	४५१३३७५.७१
विविध प्राप्ति	९३०७८५.	०	९३०७८५.	०	०	०
कुल जम्मा प्राप्ति	३८८३६७८०६.८८		३८८३६७८०६.८८	२४६५२४२४३.९		२४६५२४२४३.९
चालु	२२७११६२१२.७३	०	२२७११६२१२.७३	२३७३८५७२७.२७	०	२३७३८५७२७.२७
पारिश्रमिक / सुविधा	८९४८४४३३.५७	०	८९४८४४३३.५७	८७०३५१३५.९७	०	८७०३५१३५.९७
मालसामान तथा सेवाको उपयोग	७२०२७९३९.८९	०	७२०२७९३९.८९	८३४३०७८०.१७	०	८३४३०७८०.१७
सहायता (Subsidy)	५०००००.	०	५०००००.	५०००००.	०	५०००००.
अनुदान	१५०२१३३२.८२	०	१५०२१३३२.८२	०	०	०
सामाजिक सुरक्षा	४६५७३२८.	०	४६५७३२८.	१२४२२७११.७७	०	१२४२२७११.७७
अन्य खर्च	४५४२५१७८.४५	०	४५४२५१७८.४५	५३९९७०९९.३६	०	५३९९७०९९.३६
पूंजीगत	१८४८४४४९६.	०	१८४८४४४९६.	११४९४४९५२.०२	०	११४९४४९५२.०२
भवन तथा संरचना	२४८४७०४९.	०	२४८४७०४९.	०	०	०
सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	३२४९७०५.	०	३२४९७०५.	१०९७०२७४.	०	१०९७०२७४.
अन्य पूँजीगत खर्च	९७२९३०.	०	९७२९३०.	०	०	०
सार्वजनिक निर्माण	१५२९३०४३९.	०	१५२९३०४३९.	१०२७५६६७६.०२	०	१०२७५६६७६.०२
निर्मितसरचनाको सुधार खर्च	९४५३७०.	०	९४५३७०.	२२३०६२.	०	२२३०६२.
पूँजीगत सुधार खर्च	१८९९००३.	०	१८९९००३.	९९४९४०.	०	९९४९४०.
वित्तीय	०	०	०	०	०	०
कुल जम्मा भुक्तानी	४११९६०७०८.७३		४११९६०७०८.७३	३५२३३०६७९.२९		३५२३३०६७९.२९
बचत /कमी	-२३५९२९०१.८५		-२३५९२९०१.८५	-१०५८०६४३५.३९		-१०५८०६४३५.३९

धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको	-६५१३४२.		-६५१३४२.	२६९०७१६.		२६९०७१६.
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी	-२३६९९८३.३८		-२३६९९८३.३८	-३८०१०९७.६१		-३८०१०९७.६१
यस आ.ब.को नगद तथा बैंक मौज्दात	-२४२४४२४३.८५		-२४२४४२४३.८५	-१०३११५७१९.३९		-१०३११५७१९.३९
गत आ.व.को नगद तथा बैंक मौज्दात	८७०९८६०४.२		८७०९८६०४.२	१९०२१४३२३.५९		१९०२१४३२३.५९
विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात	६२८५४३६०.३५		६२८५४३६०.३५	८७०९८६०४.२		८७०९८६०४.२

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११,०३,६३,१९९/- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र स्वास्थ्य क्षेत्र सुधारमा खर्च निकासा नभएकोले कुल रु ११,०३,६३,१९९/- सुत्रमा लेखा राखेको छैन।जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा सहि तरिकाले समावेश हुने व्यवस्था गरी वित्तीय प्रतिवेदनलाई यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।

२.३ **फरक हिसावः** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ७९,२१,५३७.२७ यस वर्षको प्राप्ति रु. ११,९९,९२,४४४.७९, यस वर्षको भुक्तानी रु. ११,३८,०५,६८०.०० र बैङ्क मौज्दात रु. १,४७,५९,६४४.०६ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन	८,७०,९८,६०४.२०	३८,८३,६७,८०६.८८	४१,१९,६०,७०८.७३	६,२८,५४,३६०.३५
एकीकृत आर्थिक विवरण अनुसार	९५०२०१४१.४७	५०८३६०२५१.६७	५२५७६६३८८.७३	७७६१४००४.४१
फरक	७९,२१,५३७.२७	११,९९,९२,४४४.७९	११,३८,०५,६८०.००	१,४७,५९,६४४.०६

२.४ **बैङ्क हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग २.७, विविध खर्च खाता	३,५५,०२५.००	६,१५,५५०.००
ग ३.१, स्थानीय तह धरौटी खाता	४,०३,४००.००	५८,६८,७९६.६६
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६,३०,९५,०३०.७३	६,९७,५८,७६९.७५
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१३,७०,८८८.००	१३,७०,८८८.००
जम्मा	६,५२,२४,३४३.७३	७,७६,१४,००४.४१

बर्षान्तमा पालिकाको स्रेस्ता र बैंकबिच उपरोक्तानुसार फरक परेको देखिन्छ ।पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा श्रेस्ता अनुसार रु ६,५२,२४,३४३.७३/- छ भने बैंक अनुसार रु ७,७६,१४,००४.४१/- रहेको देखिएको छ। स्रेस्ता र बैंकबिच रु १,२३,८९,६६०.६८/- फरक परेको देखिन्छ । तसर्थ उक्त फरक सम्बन्धमा बैंक हिसाब मिलान विवरण (म.ले.फा.नं. २१२) तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।साथै श्रेष्ता भन्दा बैंकमा बढी रकम देखिएमा एकिन गरि आम्दानी वाध्नु पर्दछ।

२.५ **कट्टी रकम दाखिला बाँकीः** पालिकाको वित्तीय प्रतिवेदन २७० ले आर्थिक बर्षको अन्त्यमा अग्रिम कर लगायत विभिन्न कट्टि रकम बैंक दाखिला बाँकी देखाएको रु २३६९९८३.३८ दाखिला गर्न बाँकी रहेकोमा सम्बन्धीत खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२३,६९,९८३.३८

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अध्यावधिक गर्नुपर्ने सो गरेको पाईएन,
- पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आउन सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन,
- सञ्चालित योजनाको फरफारक गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत पाईयो,
- स्थानिय सेवा (सञ्चालन र गठन) ऐन, २०८१ बमोजिम यस पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण शुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको पाईएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्चको मापदण्ड निर्धारणगरी खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गरेको पाईएन,
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा कतिपयमा लाभग्राहीकोपहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको पाईयो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन गरेको देखिने अभिलेख राखेको पाईएन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको पाईएन,
- उपभोक्ता समिति मार्फत संचालित अधिकांश योजनाको नापी किताव तथा कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको पाईएन,
- अधिकांश सामाग्री खरिद गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ११५ बमोजिमको निरीक्षण तथा परीक्षण गरेको पाईएन,
- पालिकाले खर्चको विलभरपाईहरु अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई स्रेस्ता साथ संलग्नगरी राख्नुपर्नेमा अधिकांश विल भरपाई प्रमाणित गरेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने बेहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकामा आन्तरिक लेखापरीक्षण पाँचौको दरबन्दि रहेको र पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको पालिकाले जनाएको छ। कानुनमा भएको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण नगराउनु उचित देखिएन। पालिकाले कानुनमा भएको व्यवस्था बमोजिमनै आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

५ **बेरुजु लगतः**

पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरीएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको म.ले.प. फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

- म. ले. प. फाराम ८०१ – बेरुजु लगत,
- म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन,
- म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत,
- म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन,
- म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख ।

म. ले. प. फाराम अद्यावधिक नहुँदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा पालिकाले नियमानुसार लगत राख्नु पर्दछ ।

६ **सूचना प्रविधी पद्धतिः**

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्घतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको राजस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन। सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी सम्झौता गरेको देखियो। यसबाट पालिकाको आन्तरिक आय लेखाङ्कनका सम्बन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुनेगरी सुधार गर्नुपर्दछ ।
- सूचना प्रविधी पद्घतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगकर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरीटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्बन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ।
- प्रणाली फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ। पालिकाले यस सम्बन्धमा छुट्टै भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन।

७ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको देखिएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गर्नुपर्दछ ।

८ **खरिद अभिलेख:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नुपर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरुसिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरालगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको लागि खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउन नगरपालिकाले अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड ४८ लाख ४४ हजार पूँजीगत खर्चवाट खरिद तथा निर्माण कार्य गरेको छ। बार्षिक १० करोड भन्दा बढीको खरिद भएको अवस्थामा पालिकाले खरिद नियमावली बमोजिम वार्षिक खरिद

गुरुयोजना/योजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीले ऐनको पालना गरेको पाईएन ।

१२ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०३।०७ गते रु. ६२ करोड ३२ लाख ५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०८१।०६।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । समयमै बजेट पेश र पारित भएको देखिए पनि ऐनमा भएको व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा समयमा योजना/कार्यक्रम सञ्चालन हुन नसकेको अवस्था छ। तसर्थ पालिकाले समयमै बजेट पेश गर्ने, पारित गर्ने र समैयमै खर्च गर्ने अख्तियारी दिई पालिकाको आर्थिक क्रियाकलाप तथा योजना/कार्यक्रमहरु संञ्चालनको व्यवस्था चुस्त एवं व्यवस्थित बनाउनु पर्दछ।

१३ **त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट शीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रकम रु . हजारमा)				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	आषाढ महिना
पुँजीगत खर्च	१८४८४४	०	११९१६	९६२६	१६३३०२	१२८६९०
खर्च प्रतिशत	१००	०	६.४५	५.२	८८.३५	७०.६२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १८ करोड ४८ लाख ४४ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिकमा शुन्य प्रतिशत, दोश्रो त्रैमासिकमा ६.४५ प्रतिशत, तेश्रो त्रैमासिकमा ५.२० प्रतिशत र चौथो त्रैमासिकमा ८८.३५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा ७०.६२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

१४ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	५९५०५०००	५१७७४८२२	१२.९४
२	सामाजिक विकास	१५०५३४०००	१०८८२९६८१	२७.२
३	पूर्वाधार विकास	२२२९४०७४४	११७५१९१८५	२९.३८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८००००००	३७९९९०२	१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१७०२२५३५७	११८०३७११९	२९.५१
कुल जम्मा		६११२०५१०१	३९९९६०७०९	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी २९.५१ प्रतिशत, पूर्वाधार विकासमा २९.३८ प्रतिशत, आर्थिक विकासमा १२.९४ प्रतिशत त्यस्तै सबै भन्दा कम सेवा प्रवाह, सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रमा १ प्रतिशत रहेको छ। सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ।

१५ योजना प्राथमिकिकरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुजिगत तर्फका स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१	२	१०	२६	४७	८६

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ८६ वटा योजना संचालन गरेकोमा रु. १० लाख भन्दा मुनिका ३९ अर्थात ४५.३४ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षे भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१६ लक्ष्य- प्रगति विवरण

कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तरको योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन। तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१७ सेवाप्रवाह विवरणः

पालिकाले सेवा प्रवाहलाई चुस्त दुरुस्त र सेवा ग्राहिमैत्री बनाउनुपर्दछ। यस वर्ष पालिकाबाट १६८७ जन्मदर्ता र मृत्युदर्ता, २२०० वटा नाता प्रमाणित, १५०० वटा नागरिकता सिफारिस, १५०० घरबाटो सिफारिस, २०० नाक्सा पास, २.५ किलोमिटर सडक ढलान,

३.८ कृषि सडक निर्माण र ७.४ ग्रावेल बाटो मर्मत भएको विवरण प्राप्त भएको छ। पालिकाबाट प्रदान गरीने सेवा लाई विद्युतीय माध्यमबाट सेवा प्रवाहमा वृद्धि गरी अभिलेख समेत अद्यावधिक गर्नुपर्दछ।

१८ **सम्पती व्यवस्थापन तथा संरक्षणः**

यस सम्बन्धमा देखिएका वेहोराहरु निम्न अनुसार छन्:

१८.१ **सम्पत्ति संरक्षण :** पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन। साविक गा. वि. स. वाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन। पाम्समा परीक्षण गर्दा केहि सम्पतिको मूल्य खुलेको देखिएन। कुल मुल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन गर्नुपर्ने देखिन्छ ।

१८.२ **मर्मत संभार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ। पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन। सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नु पर्दछ ।

१८.३ **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट खरिद भएका जिन्सी मालसमानहरुको अभिलेख प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) प्रयोगमा ल्याएको भएतापनि पूर्ण नरहेको, वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकिकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको बिष्लेषण गर्न सकिएन। वडागत रुपमा बजेट विनियोजन भई वडा तहबाट नै खरिद प्रक्रिया शुरु भई खरिद भएका खर्च हुने र नहुने सबै जिन्सी समानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नरहेको र म्यानुअल अभिलेख पनि प्राप्त नभएकोले वडागत जिन्सी समानको यथार्थता एकिन गर्न सकिएन।सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) को पहिलो भर्सन(V1) बाट हाल दोस्रो भर्सन(V2) सञ्चालन हुँदा १० प्रकारका ४५०१२ थान खर्च भएर जाने मालसामानहरु V2 मा अल्या गरि जिम्मेवारी सरेको देखिएन।यसरी (PAMS)V2 मा खर्च भएर जाने रु १,५२,०१,७२०/- मुल्य बराबरको सामानहरु अल्या जिम्मेवारी नसर्दा पालिका तथा वडामा रहेको जिन्सी मालसामानहरु के कति र कुन स्थितिमा रहेको छ सुनिश्चित हुन सकिएन।सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीलाई वडातहसम्म लागु गरी सबै सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ ।सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) को पहिलो भर्सन(V1) बाट हाल दोस्रो भर्सन(V2) मा अल्या जिम्मेवारी नसरेका खर्च भएर जाने तपशिलका सामानहरुको जिम्मेवारी सार्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र स	जिन्सी वर्गिकरण सकैंत नं	जिन्सी सामानको नाम	एकाई	परिमाण	जम्मा रकम
१	६१६११०१	कम्प्युटर तथा विधुतिय सामान	पिस	२२०	१७७८६००
२	६१६१२०१	मसलन्द तथा छपाई सम्बन्धी सामान	पिस	१७२६२	१७५७९८८
३	६१६१३०१	भाडाकुडा तथा सरसफाई सम्बन्धी	थान	१८१६	२३०४२१७
४	६१६१४०१	अन्य मालसामान तथा आपुर्ती	पिस	९८३	१३०४६३५
५	६१६१५०१	मेडिकल तथा औषधीजन्य सामान	संख्या	७४५	४२५१८१
६	६१६१७०१	निर्माण सम्बन्धी सामान	पिस	१४१२१	४४२०८५०
७	६१६१८०१	कृषी सम्बन्धी सामान	पिस	५२६५	२७१३१९६
८	६१६१९०१	पशुपंक्षीको औषधी तथा सामान	वटा	४६००	४९७०५३
जम्मा					१५२०१७२०

१८.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ **राजस्व व्यवस्थापनः**

राजस्व व्यवस्थापन सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

१९.१ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।पालिकाको यस वर्षको आन्तरिक राजस्वको अनुमान तथा आम्दानीका शीर्षकहरुमा एक शीर्षक बाहेक अन्य शीर्षकमा राजस्वको अनुमान नै गरेको देखिदैन।पालिकाले सुत्र प्रणालीमा अभिलेख गरेको आन्तरिक राजस्वको साराशं तथा लेखापरीक्षणको क्रममा पेश भएको आन्तरिक राजस्वसँग सम्बन्धित कागजातहरुको विश्लेषण गर्दा करदाताहरुको व्यवस्थित अभिलेख गरेको देखिएन।करयोग्य सम्पत्ति तथा व्यवसायको तथ्याङ्क र सोको अनुमानित कर राजस्व एवं असुली प्रक्रिया,नियमित अनुगमन तथा निरीक्षण, कर व्यवस्थापन सूचना प्रणालीको अभाव जस्ता पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ।कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी लाई अन्त्य गरी करको दायरा विस्तार गर्नुपर्दछ।पालिकाले यस आ.ब.मा राजस्वको शीर्षकगत आयको प्रक्षेपण नगरी अन्य कर शीर्षकमा मात्र प्रक्षेपण गरेको देखिएकोले सबै शीर्षकमा असुली प्रतिशत खुल्ने अवस्था देखिएन।अतः राजस्वको शीर्षकगत आयको व्यवस्थित प्रक्षेपण गरी आम्दानीको सुनिश्चितता गर्नुपर्दछ।पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । प्रस्तुत विवरण अनुसार पालिकाले अनुमानित आयको सही रुपमा प्रक्षेपण गरेको देखिएन।आय अनुमानको ८.५१ प्रतिशत मात्र असुली भएकोले सहि अनुमान गर्ने र सो अनुसार आय आर्जन गर्नतर्फ ध्यानदिनु पर्दछ।

प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी	असुली प्रतिशत
भुमिकर/मालपोत	०	१०३९३७	०
वहाल कर	०	११७९६३	०
अन्य कर	१३०५६९०००	२१७३१६४	१.६६
अन्य बिक्रीबाट प्राप्त रकम	०	७००४००	०
विद्युत सेवा शुल्क	०	११७००	०
अन्य सेवा शुल्क तथा बिक्री	०	१३१५	०
अन्य प्रशासनिक सेवा शुल्क	०	९००००	०
सिफारिश दस्तुर	०	५३२६९५	०
नाता प्रमाणित दस्तुर	०	१६५.	०
अन्य दस्तुर	०	३१७५३८५	०
विद्युत सम्बन्धी दस्तुर	०	१००.	०
अन्य क्षेत्रको आय	०	२४८५०	०
अन्य राजस्व	०	३२५४९५९	०
बेरूजू	०	९३०७८५	०
जम्मा	१३०५६९०००	१११९७४१८	८.५१

१९.२ **स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) कार्यान्वयन नभएकोः** स्थानीय तहको राजस्व संकलन लेखाङ्कन तथा प्रतिवेदनलाई सूचना प्रविधिमा आधारित प्रणाली मार्फत व्यवस्थित गर्न र नगद प्रवाहलाई सरल, मितव्ययी, पारदर्शी तथा प्रभावकारी बनाई जोखिम न्यूनीकरण गर्न महालेखा नियन्त्रकको कार्यालयले मिति २०७९।१०।२३ देखि सुत्रमा राजस्व मोडेल सुरु गरेको छ। करदाता वा सेवाग्राहीले पनि कुनै स्थानीय तहको राजस्व एकभन्दा बढी पेमेन्ट गेट-वे वा पेमेन्ट प्रोसेसर तथा अन्य विद्यूतीय भुक्तानीका माध्यमबाट बुझाउन सक्नेछ।यस वर्ष पालिका तथा वडामा रसिदको प्रयोग गरी राजस्व संकलन कार्य भएको छ।अतः रसिद बाट राजस्व संकलन गर्ने कार्यलाई निरुत्साहित गर्दै महालेखा नियन्त्रक कार्यालयले बनाएको स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को अविलम्ब प्रयोग गर्नुपर्छ।

१९.३ **रसिद नियन्त्रण खाताः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।जिन्सीबाट पालिका राजस्वशाखा र वडालाई नगदी रसिद कति दिएको तथा कति रसिद पालिकामा बुझाएको सोको अभिलेख म.ले.प.फारम नं.९०४ बमोजिम राख्नुपर्ने व्यवस्था छ। अघिल्लो आ.ब.२०८०।०८१ मा कति थान रसिद प्याड थिए सोको मौज्दात विवरण रसिद नियन्त्रण खातामा प्रविष्ट गरी राखेको देखिएन।जिन्सी शाखाले आफूसँग भएको जे जति मौज्दात देखिन्छ त्यसलाई वडाहरुमा वितरण गरी सोबाट देहाय अनुसारको राजस्व संकलन भई बैंक दाखिला भएको देखिन्छ।अतःमौज्दात तथा छपाईको संख्या एकिन नभएको र फिर्ता तथा रद्ध भएको रसिदको अभिलेख प्राप्त नभएकोले वास्तविक राजस्व एकिन गर्न सक्ने अवस्था छैन।पालिकाले अनुमानित आय रु १३०५६९०००।० रहेकोमा रु १११९७४१८।०० मात्र असुल भएको उल्लेख छ। वडाहरुलाई बुझाएको ७६ थान (नगदी) र ३२ थान (मालपोत) रसिद प्राप्त भएको छ। रसिदको प्रयोगको अवस्था तथा मौज्दात रसिदको प्रयोगको अवस्था तथा राजस्व यकिन नहुने अवस्थामा रसिद प्राप्त गरी राजस्व असुली र दाखिला सम्बन्धमा थप यकिन

हुनुपर्दछ।अतः पालिकाले राजस्वको जोखिमलाई मध्यनजर गरी SUTRA प्रणालीको शुरुवात गर्न उचित देखिन्छ।वितरण भएका प्याड संख्या र सोबाट प्राप्त भएको राजस्वको विवरण यसप्रकार छ।

नगदी तथा मालपोत रसिद प्याडको विवरण					
पालिकाको राजस्व संकलनमा नगदी रसिद प्रयोग भएको देखिदैन। गाँउसभाबाट पारित भएको राजस्वको दर अनुसार सेवाग्राहीले आफुले लिने सेवाको दस्तुर सिधै बैंकमा दाखिला गरी भौचर सम्बन्धित शाखामा बुझाएको पाईयो।					
वडा तर्फ					
वडा	रसिदको प्रकार	थान	रसिदको प्रकार	थान	बैंक दाखिला भएको
वडा नं १ सचिव	नगदी	५	मालपोत	२	पेश नभएको
वडा नं २ सचिव	नगदी	१५	मालपोत	५	रु.१७५३५९।०
वडा नं ३ सचिव	नगदी	२४	मालपोत	८	रु. २५६२२९।०
वडा नं ४ सचिव	नगदी	१८	मालपोत	९	रु.२३५१००।०
वडा नं ५ सचिव	नगदी	१४	मालपोत	८	रु.१०३७४६।०
जम्मा		७६	जम्मा	३२	
जिन्सी शाखामा मौज्दातमा रहेका प्याडहरु		१०६		१८९	

वडाहरुले लगेको रसिदहरु फिर्ता गरि सो वापत प्राप्त आम्दानी एकिन तथा दाखिला गर्नुपर्दछ।

१९.४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा केन्द्रिय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको हिस्सा ४.१५ प्रतिशत मात्र छ।पालिकाले राजस्व प्राप्ति गर्दा राख्नु पर्ने फाराम नराखेको र प्राप्त हुनुपर्ने राजस्व तथा प्राप्त भएको राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन।अतःपालिकाको आन्तरिक राजस्व संकलनमा प्रभावकारी आन्तरिक नियन्त्रण पद्धति तथा राजस्वको डिजिटल सयंन्त्र अवलम्बन गरी करको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नु उचित देखिन्छ।पालिकालाई प्राप्त केन्द्रिय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय अनुसार छ।

केन्द्रिय अनुदानबाट आय	आन्तरिक राजस्व	आन्तरिक आय प्रतिशत
(वित्तिय समानीकरण+ राजस्व बाँडफाँड अनुदान)	(पालिका)	
१५३६४७७७५।४१	१११९७४१८	७।२३

१९.५ **लगत अद्यावधिक गरी नराखेकोः** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन।घर बहाल कर, व्यवसाय कर, सम्पत्ति कर तथा सटर भाडा के कति संख्यामा छन सोको अभिलेख लगत व्यवस्थित नरहेकोले गत विगतमा के कति राजस्व प्राप्त भयो र के कति राजस्व बक्यौता रहेको विषयमा एकीन हुन सकिएन।मुख्य आयको स्रोतहरु जस्तै, पोखरी ठेक्का न्यून संख्यामा लागेको र हाटबजार ठेक्का अव्यवस्थित नै रही संञ्चालन हुन सकेको छैन।अतः आय ठेक्कालाई समयमै संचालन व्यवस्थापन गर्नुपर्दछ।घर बहाल संख्या, व्यवसाय संख्या, सटरभाडा तथा सम्पत्ति कर तिर्ने व्यक्ति तथा संस्थाहरुको लगतलाई चुस्त दुरुस्त बनाई

लगत अद्यावधिक गर्नुपर्दछ।गत विगत सहितको राजस्व बक्यौता भए सोको समेत अभिलेख अद्यावधिक गरी बक्यौता उठाउन पहल गर्नुपर्दछ।

१९.६ **सरसफाई सेवा शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(२)(ख) बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन शुल्क लिन पाउने व्यवस्था छ।पालिकाले आफ्नो फोहोरमैला व्यवस्थापनको लागि ज्यालादारीमा कर्मचारी राखी फोहोर संकलन गर्ने गरेकोमा फोहोरमैला व्यवस्थापन वापत कुनै प्रकारको शुल्क लिने गरेको पाइएन।पालिकाले फोहोरमैला व्यवस्थापन वापत कर लिने र सोही रकमबाट फोहोर व्यवस्थापन खर्च धान्ने अवस्था सिर्जना गर्नुपर्दछ ।

सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८१/०८२ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन।हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८१/०८२ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन।आफ्नो क्षेत्राधिकार भित्र हुन सक्ने सम्भावित मनोरञ्जनात्मक आयका क्षेत्रहरु पहिचान गरी सोको उपयोग गर्ने तर्फ पालिकाको ध्यान गएको देखिदैन।अतःपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको क्षेत्र पहिचान तथा एकिन गरी कर असुल गर्नुपर्दछ।

पर्यटन शुल्कः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्रालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८१/०८२ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन।आफ्नो क्षेत्राधिकार भित्र हुन सक्ने सम्भावित आयका क्षेत्रहरु पहिचान गरी सोको उपयोग गर्ने तर्फ पालिकाको ध्यान गएको देखिदैन।अतःपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने पर्यटन करको क्षेत्र पहिचान तथा एकिन गरी कर असुल गर्नुपर्दछ ।

२० कानून निर्माण तथा कार्यान्वयन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले हालसम्म ३ वटा नियमावली, ९ वटा कार्यविधि, ३ निर्देशिका र १ मापदण्ड गरी जम्मा १६ वटा कानुन निर्माण र स्थानिय राजपत्रमा प्रकाशन गरी कार्यान्यवनमा ल्याएको छ। पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नु पर्दछ ।

२१ न्यायीक समितिको कार्य सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी ८ मध्ये यो बर्ष दर्ता भएको २४ समेत ३२ उजुरी रहेकोमा १३ वटा फस्यौट भई १९ वटा फस्यौट गर्न बाँकी देखिन्छ। पालिकाले तोकिएको समयमै उजुरी फस्यौट गरी प्रभावकारी न्याय सम्पादनमा ध्यान दिनुपर्दछ ।

२२ सहकारी अनुगमनः

नेपालको संविधान २०७२ ले सहकारी संस्था संचालन अनुगमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। पालिकाले सञ्चालनमा रहेका संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्थाको अनुगमन तथा अभिलेखीकरण गर्नुपर्नेमा भएको देखिएन। पालिकाले आफ्नो क्षेत्र भित्र ४३ वटा सहकारी संस्था भएको विवरण उपलब्ध गराएकोमा COPOMIS मा सहकारी आबद्ध गरी विवरण दाखिला नगरेको र समस्याग्रस्त सहकारीको लगत संकलन समेत गरेको देखिएन। पालिकाले उल्लेखित व्यवस्थाको कार्यान्वयनको लागि कानुनको निर्माण तथा कार्यान्वयन एवं अनुगमन गर्नुपर्दछ।

२३ **पेश्की बाँकीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम यस पालिकाले यस बर्ष निम्न अनुसारको रु.२८११७४००।०० पेश्की बाँकी रहेकोमा उक्त पेश्की मध्ये म्याद नाघेको पेश्की रु. १९११७४००।०० आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की असुल फस्यौंट गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व.		
					म्याद ननाघेको		म्याद नाघेको
					रकम	फछ्यौंटको अन्तिम म्याद	
१	०३/०८/२०८२	३६४	सभा सञ्चालन खर्च	प्रताप कुमार यादव		०३/३१/२०८२	९०००००
१	०८/२०/२०८१	८	सु.ज.मा.वि.मा चिल्ड्रेन पार्क निर्मान कार्य क्रमागत समपुरक कोष	एसएमटी-बि.एम जि.भी	०	०९/२५/२०८१	७००००००
२	०१/१७/२०८२	४	औरही बजार व्यवस्थापन कार्यक्रम	साबिरा कन्स्ट्रक्सन	०	०२/२१/२०८२	७००००००
१	०८/१९/२०८१	४	कृषि विधुतीकरण मर्मत सम्भार तथा सञ्चालन गर्ने कार्य	नेपाल विधुत प्राधिकरण	०	०९/२४/२०८१	१७००००००
२	०८/१९/२०८१	५	कृषि विधुतीकरण मर्मत सम्भार तथा सञ्चालन गर्ने कार्य	नेपाल विधुत प्राधिकरण	०	०९/२४/२०८१	१३००००००
३	११/२९/२०८१	७२	स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम	प्राथमिक स्वास्थ्य केन्द्र औरही सिरहा	०	०१/०४/२०८२	३१७४००
३	०३/१५/२०८२	६१	गाउँपालिका प्रशासकिय भवन निर्माण कार्य	ए.सि. - ए.एन.एस - एस.सि. जे.भी.	९००००००	०४/१८/२०८२	०
१	०१/२६/२०८२	२५६	विविध कार्यक्रम खर्च-विष्णु महायज्ञ तथा अन्य कार्य	शिवजी यादव/ दिलिप कुमार यादव	०	०३/२०/२०८२	९०००००
कुल जम्मा					९००००००		१९११७४००

पेश्की	१,९१,१७,४००

२४ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले विपन्न तथा असहाय वर्ग आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८० तर्जुमा गरी सोही अनुसार विभिन्न विपन्न व्यक्तिहरुलाई रु.९,२०,०००।०० आर्थिक सहायता वितरण गरेको छ। पालिकाको यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ नं. मिति	विवरण	रकम
८४।९।१०	क्रान्तिकारी कम्यूनिष्ट पार्टि लगायत ११ जनालाई	१७५०००
९७।९।१२	रामलखन मुखिया लगायत ६ जना लाई उपचार सहायता	१०००००
१४६।१०।२३	काशीलाल कामैत लगायत ४ जनालाई	५००००

२५ **पर्व, मेला, पुजा तथा महोत्सवः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले यस वर्ष विभिन्न दिवसहरु, मेला तथा महोत्सव जस्तामा कार्यविधि एवं मापदण्ड वेगर रु. २०,२१,०००।०० खर्च गरेको देखिन्छ। कार्यविधि बेगर यसरी खर्च गरेको उपयूक्त देखिएन। यसका केही उदाहणहरुः

भौ नं. मिति	विवरण	रकम
६३।८।२०	रामजानकी विबाह पञ्चमि मेला समितिलाई	५०००००
६८।८।२५	दुर्गा पुजा समितिलाई भुक्तानी	२०००००
१८२।११।२०	वडा नं. ५मा विभिन्न समयमा मेला पुजामा लागेको खर्च भुक्तानी	१५००००
२५३।१।२३	सुन्दर जनता मा. विधालयमा सरस्वती पुजा कार्यक्रम	२२९४५०
२५४।१।२३	जनता मा. विधालयमा सरस्वती पुजा कार्यक्रम	४२०००

२६ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

२६.१ **कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा २०८२ असाढसम्म ११ जना स्थाई पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकिय अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन्। पालिकाले विधिपूर्वक कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

२६.२ **करार तथा ज्यालादारी व्यवस्थापनः** मधेश प्रदेशको स्थानीय सेवाको (गठन तथा संचालन) ऐन, २०८१ को दफा ६ मा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सिफारिसमा गाउँसभा वा नगर सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा सङ्गठन संरचना र दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने र दफा ७ मा स्थानीय तहले दफा ६ बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गरी मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने छ। त्यसतै ऐन को दफा १४ मा कम्प्युटर अपरेटर, सवारी चालक र कार्यालय सहयोगी पदबाट सम्पादन गरिने कार्य दरबन्दी भित्र रही सिधै व्यक्तिसँग करार गरी सेवा करारबाट सम्पादन गर्ने र चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य तोकिए बमोजिमका कामदारलाई आवश्कता र

औचित्यता पुष्ट्याईं सहित दैनिक ज्यालादारीमा काममा लगाउन सकिने बाहेक कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने उल्लेख छ। पालिकाले यस वर्ष करार तथा ज्यालादारीतर्फ ३९ जना कर्मचारीमा रु. १२,९६७,०००.०० खर्च लेखेको छ। पालिकाको आन्तरिक आय रु. १११९७४१८.०० रहेको छ। आन्तरिक आयको तुलनामा करार र ज्यालादारीमा भएको खर्च ११६.६३ प्रतिशत रहेको छ। आन्तरिक आय न्यून रहेको अवस्थामा अधिक संख्यामा कर्मचारी राखी तलब, भत्ता तथा ज्यालामा बढी खर्च लेख्नु मनासिब देखिएन। पालिकाले बिधिपूर्वक आवश्यकता र औचित्यका आधारमा कर्मचारी नियूक्तगरी तलब भत्ता तथा ज्यालामा खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२६.३ **तलवी प्रतिवेदनः** मधेश प्रदेश स्थानीय सेवाको (गठन सञ्चालन) ऐन, २०८१ को दफा ४४(३) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन। तर, प्रदेश किताबखाना गठन भई कार्य प्रारम्भनभएसम्म प्रचलित कानून बमोजिमको निकायबाट तलबी प्रतिवेदन पारित गर्न बाधा नपर्ने उल्लेख छ। सोही दफाको उपदफा (४) मा उपदफा (३) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिने उल्लेख छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन। तलवी प्रतिवेदन पारित नगरी १४ जना कर्मचारीहरुलाई रु. ७९,७२,०००.०० भुक्तानी भएको छ। यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गर्दातलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन। नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी अविलम्ब व्यवस्थापन गरी तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिश्लेषणयोग्य बनाउनु पर्दछ।

२६.४ **दरबन्दी भन्दा बढी कर्मचारीः** मधेश प्रदेशको स्थानीय सेवाको (गठन तथा संचालन) ऐन, २०८१ को दफा १४ मा कम्प्युटर अपरेटर, सवारी चालक र कार्यालय सहयोगी पदबाट सम्पादन गरिने कार्य दरबन्दी भित्र रही सिधै व्यक्तिसँग करार गरी सेवा करारबाट सम्पादन गर्ने र चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य तोकिए बमोजिमका कामदारलाई आवश्यकता र औचित्यता पुष्ट्याइँ सहित दैनिक ज्यालादारीमा काममा लगाउन सकिने बाहेक कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ। पालिकाले ऐनले तोकिए भन्दा फरक पदमा कर्मचारी राखी तलब भत्तामा रु.६३४५५७७ खर्च लेखेको छ। पालिकाले संगठन व्यवस्थापन सर्वेक्षण गरी सभाबाट पारित गरे तापनि प्रदेश निजामती किताब खानामा पद दर्ता नभएको अवस्थामा कर्मचारी नियूक्ति गर्न मिल्ने देखिँदैन। यसर्थ ऐनको प्रकृया नपु-याई कर्मचारी नियुक्त गरी खर्च लेखेको रकम नियमसम्मत्त नदेखिएको रु.

क्रमश	पदको नाम	कर्मचारी संख्या	कुल भुक्तानी रकम
१	ईन्जिनियर छैटौं	२	११५५९१४
२	क अपरेटर	१	२२५०००
३	सहायक चौथो ना स्वा प्रा स	५	२१८८६३०
४	सहायक तेस्रो	१	३६८९५६
५	सहायक चौथो	९	३१००९०४
	जम्मा		६३४५५७७

अनियमित भएको	६३,४५,५७७

२७ **अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमणआदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्नेव्यवस्था छ। पालिकाले यस वर्ष

दैनिकभ्रमण र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु. १६,३२,०००।०० र पदाधिकारी सुविधाबाट समेत खर्च गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका वेहोराहरु देहायमा उल्लेख छ।

- भ्रमण अभिलेख नराखेको ।
- केहीमा भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको नदेखिएको।
- अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्देश्य बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।
- स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- भ्रमण आदेश स्वीकृत भएको देखिए पनि केही भ्रमण विलहरु स्वीकृत भएको देखिएन।

तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

२८ **पारिश्रमिक करः**

आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा अविवाहित हकमा रु.५०००००।०० र विवाहितको हकमा रु.६०००००।०० भन्दा पहिलो २ लाखमा १० प्रतिशत त्यस पछिको ३ लाखमा २० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको कर गणना गरिएकोमा बार्षिक तलब बापतको रकममा पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु.

सि. नं .	पद/ नाम	बार्षिक खुद आय	छुट हुने रु.	करयोग्य आय	कर रु.
१	अ छैठो रमेश नारायण शर्मा	६५५११३	६००००	५५११३	५५११
२	अ छैठो राजदेव यादव	६५५११३	६००००	५५११३	५५११
३	अ छैठो रामस्वरुप यादव	६५५११३	६००००	५५११३	५५११
	जम्मा				१६५३३

असुल गर्नुपर्ने	१६,५३३

२९ **इन्धन खर्चः**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नगरपालिका/गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ९(१) सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराउने तथा निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लू बुकको छायाँप्रति र सवारी चालक अनुमतिपत्र प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ। ब्लुबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाँप्रति पेश नगरे सम्म इन्धन वापतको सुविधा उपलब्ध गराइने छैन। त्यस्तै उपनियम (३) कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ। पालिकामा १ मिनि ग्रेडर, २ जिप, १ ट्र्याकटर, १ जेसिबी, १ एम्बुलेन्स, २७ मोटरसाइकल रहेकोमा पालिकाले यस वर्ष रु. ४६,८९,०००.०० को ईन्धन खर्च गरेको देखिन्छ। पालिकाले सवारी साधनको लागि मासिक रुपमा उक्त निर्देशिकाले तोकेको मापदण्ड अनुसार ईन्धन सुविधा वितरण नगरेको, सवारी साधन प्रयोगको लगबुक व्यवस्थित रुपमा नराखेकोले उक्त ईन्धन खर्च मितव्ययी रहेको देखिएन। अतःपालिकाले ईन्धन खर्चको मापदण्ड तर्जुमा गरी सोही अनुसार ईन्धन खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

३० **प्रोत्साहन भत्ताः**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित हुनुपर्ने र विद्युतीय हाजिर प्रणाली अनिवार्य भएको अवस्थामा मात्र अतिरिक्त समयको भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १४ जना कर्मचारीहरुलाई अतिरिक्त कार्य गरेको भनि रु.१६९९३५५.५० प्रोत्साहन भत्ता भुक्तानी दिएको छ। कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतीय हाजिर प्रणाली अनिवार्य नगरेको र सो सम्बन्धि कार्यविधि नबनाई गाउँ सभाको निर्णय बमोजिम भत्ता भुक्तानी गरेको देखियो। साथै कार्यबोझको आधारमा सूचक तयार नगरि भुक्तानी दिएको र विधुतिय हाजिर समेत नराखी भुक्तानी दिएको मनासिब देखिएन। पालिकाले यस्ता खर्च लेख्न कार्यविधि बनाई विद्युतिय हाजिर अनिवार्य बनाउनु पर्दछ।

३१ **कर कट्टीः**

आय कर ऐन २०५८ को दफा ८७ अनुसार पटके भुक्तानीमा १५ प्रतिशत पारिश्रमिक कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा नियमानुसार कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी गरेकोले नपुग १४ प्रतिशत कट्टी गर्नुपर्ने रु.

सि. नं .	नाम	रकम रु.	१४ % कर रु .
१	प्र प्र अ उदित्य कुमार कर्ण	१७४७५६	२४४६६
२	अ छैठो रमेश नरायण शर्मा	१३१०६७	१८३४९
३	ज स्वा नि सन्तोष कुमार यादव	१७४७५६	२४४६६
४	ईन्जिनियर दिपेन्द्र प्रसाद यादव	१७४७५६	२४४६६
५	लेखापाल देवेन्द्र प्रसाद यादव	२०४४५३	२८६२३
६	अहेव प्रताप कुमार यादव	१०४१९०	१४५८७
७	अ स ई आनन्द कुमार यादव	९८७०६	१३८१९
८	अ स ई सूरेन्द्र कुमार यादव	९८७०६	१३८१९
९	खा पा स टे विरेन्द्र महतो	९८७०६	१३८१९
१०	स ले पा मनोज कुमार यादव	९८७०६	१३८१९
११	शि अ भरोसी यादव	८७३७८	१२२३३
१२	जिन्सी प्रताप कुमार यादव	३४७३०	४८६२
१३	सि अ हे व जर्वन कुमार यादव	४३६८९	६११६
१४	रोजगार शाखा श्री रामानन्द यादव	१७४७५६	२४४६६
	जम्मा		२३७९१०

असुल गर्नुपर्ने	२,३७,९१०

३२ **व्यक्तिको नाममा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै अर्थ मन्त्रालयकले पत्र सं. २०८१।८२ मिति २०८२।३।१९ को परिपत्र अनुसार ई एफ टी (ईलेक्ट्रोनिक फण्ड ट्रान्सफर) अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले वडा सचिव तथा अन्य कर्मचारीको नाममा फुटकर खर्च मात्र भुक्तानी दिनुपर्ने र माल सामान, जिन्सी तथा अन्य सामाग्रीहरु खरिद गर्दा सम्बन्धित फर्म, आपूर्तक वा साप्लायर्स कै नाममा भुक्तानी गर्नुपर्नेमा सो नगरी माल सामान, जिन्सी तथा अन्य सामाग्रीहरु खरिद गर्दा कर्मचारीहरुको नाममा

भुक्तानी दिएको पाइयो। जस्ले गर्दा खर्च वास्तविक एवं मितव्ययी भएको हो भनि यकिन गर्न सकिएन।यसप्रकारका भुक्तानीलाई निरुत्साहीत गर्नुपर्दछ।

३३ **स्रेस्ता पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्दछ। पालिकाले लेखापरीक्षणको क्रममा निम्न अनुसार स्रेस्ता पेश नगरेकोले सो खर्च सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले निम्न अनुसारको स्रेस्ता पेश गर्नुपर्ने रु.

१	३३८-०८२।०२।२८	४८३०००	विरुवा खरिद वितरण भरपाई नभएको
२	१३४-०८१।१०।२०	५००००	स्रेस्ता पेश नभएको
३	१६८-०८१।११।०२	६२५९५	स्रेस्ता पेश नभएको
४	२१६-०८१।१२।२३	५४८००	स्रेस्ता पेश नभएको
५	८८-०८१।०९।१२	४९७०००	स्रेस्ता पेश नभएको
६	३४०-०८२।०२।२८	९२८७५०	स्रेस्ता पेश नभएको
७	११५-०८१।०९।२६	१८५००	स्रेस्ता पेश नभएको
८	४०६-०८२।०३।२३	९७१८०	स्रेस्ता पेश नभएको
९	४६१-०८२।०३।२५	५४००००	स्रेस्ता पेश नभएको
	जम्मा	२७३१८२५	

प्रमाण पेश नगरेको	२७,३१,८२५

३४ **अन्य निकायको खर्चः**

आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विध्येकको दफा ४ माप्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ। उपदफ (२) मा उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिने उल्लेख छ। पालिकाले यस वर्ष देहायअनुसारका अन्य संघिय कार्यालय, प्रदेश कार्यालयका लागि बिभिन्न निर्माण कार्य र मालसामान खरिद गरी भुक्तानी गरेको छ । यसरी अन्य निकायको खर्च भुक्तानी गरेको नियम सम्मत्त नदेखिएको रु.

गो.भौ. नं. मिति	विवरण	निकायको नाम	भुक्तानी रकम
४१३।३।२३	ईन्टरनेट जडान	प्रहरी चौकी औरही	९८८५०
४१३।३।२३	ईन्टरनेट जडान	कोचिङ्ग सेन्टर ईटाटारमा	९८८५०
	जम्मा		१९७७००

अनियमित भएको	१,९७,७००

३५ **स्वास्थ्य विमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित पालिकाले स्वास्थ्य विमा कार्यक्रम अन्तरगत वडा नं. ४ मा ३३ जनाको रु. ५९१५० र वडा नं. मा १०९ जनाको रु. ३३१५५५।०० बीमा प्रिमियम शुल्क भुक्तानी गरेको छ। यसरी भुक्तानी

गर्दा बीमा प्राधिकरणको नाममा भुक्तानी दिनुपर्नेमा वडा अध्यक्ष रामप्रित यादव र वडा अध्यक्ष सुरेन्द्र प्रसाद यादवको नाममा भुक्तानी दिएको छ। पालिकाको आन्तरिक आयको अवस्था न्यून रहेकोले यस प्रकारका खर्च लेख्न पालिकाको आन्तरिक आयलाई सबल तुल्याउनु पर्दछ।

३६ **गैर सरकारी संस्थाबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(२) मा नियम १८ बमोजिम मौजुदा सूचिमा समाबेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीय स्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने उल्लेख छ। सो विपरित कार्यालयले नियमित प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो। कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैर सरकारी संस्थासंग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैर सरकारी संस्था मार्फत गराएको छ। गै. स. स. ले. गरेको निम्नानुसारको काममा सूचना प्रकाशन नगरी छनौट गरेकोले मितव्ययीता नभएको, तालिम संचालनको लागि अर्थ मन्त्रालयले प्रकाशन गरेको कार्य संचालन निर्देशिका, २०८१ लाई आधार मानी नर्म्स पालना नभएको, कार्यक्रम सम्बन्धित ज्ञान शिपको मुल्याङ्कन नगरेको, कार्यक्रम अनुगमन प्रतिवेदनमा पेश भएको देखिएन। यसरी कार्यालयको जनशक्तिबाट गर्न सकिने कार्य गैर सरकारी संस्थाबाट गराउनु उचित देखिन। यस प्रकारको कार्यलाई निरुत्साहित गर्नुपर्दछ। यसका केही उदाहरणहरुः

गौ न मिति	कार्यक्रम	सस्थाको नाम	रकम
३१७।१२।२८	मेलमिलाप सम्बन्धि तालिम	समग्र विकास तथा परामर्श सेवा केन्द्र प्रा लि	४९७४७१
४५४।०३।२५	यूवाहरुलाई नेतृत्व विकास तालिम	सिरहा टाईम्स मिडिया प्रा लि	४३३८०८
४५४।०३।२५	महिलाहरुको लागि व्यूटि पार्लर सम्बन्धि तालिम	नेपाल जागृति वि के दुर्गापुर	४९६०००
	जम्मा		१४२७२७९

३७ **मोबाईल खरिदः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्चगर्ने अधिकारीले कुनै पनि जिन्सी मालसामानको हानीनोक्सानी नहुने गरी व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। पालिकाले भ नं. ३८९ मिति २०८२।३।१९ बाट सामसुङ्ग ए २६ ८ २५६ २ थान मोबाईल खरिद गरी रु. ९८९८८.०० ईन्टरफेस आई टी सोलुशनको नाममा खर्च लेखेको छ। पालिकाले उक्त मोबाईल कार्यालय प्रयोजनकोलागि खरिद गरेको जनाएको छ। पालिकाले उक्त जिन्सी सामान सहायक जिन्सी खातामा मोबाईल बुझिलिने नाममा अभिलेख जनाउनु पर्दछ।

३८ **बृत चित्र निर्माणः**

सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार एक लाख भन्दा बढीको खरिद कार्यको लागत अनुमान बनाउनुपर्ने देखिन्छ। पालिकाले बृतचित्र निमार्ण बापत ईनोभेटीभ मिडीया प्रा लि लाई रु.४९५०००।०० भुक्तानी दिएकोमा खर्चको लागत अनुमान लेखापरीक्षणको क्रममा पेश भएन। पालिकाले लागत अनुमान बनाई सूचना प्रकाशन नगर्दा प्रतिस्पर्धि नभएको र कुन शीर्षकमा कति खर्च भएको यकिन गर्न सकिएन। पालिकाले लागत अनुमान बनाई सूचना प्रकाशन गरी खरिद गरेको प्रमाण पेश भएन। साथै उक्त बृतचित्र प्रशारण भए नभएको पालिकाले यकिन गर्नुपर्दछ।

३९ **मर्मत खर्चः**

भुक्तानी आदेश रद्द भएको अवस्थामा सोही शीर्षकमा खर्च रिभर्स(घटाउनु) पर्दछ। पालिकाले मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च -रोलर व्याक्होलोडर ट्राक्टर मर्मत शीर्षकबाट पी के जेनेरल स्टोरलाई रु. ९५९९३५।०० भुक्तानी गरेकोमा सोको विल भरपाई पेश भएन। पालिकाले उक्त खर्चको भुक्तानी आदेश रद्द भएको जनाएपनि सुत्रमा सो खर्च घटाएको देखिएन। पालिकाले खर्च घटाएको प्रमाण पेश गर्नुपर्दछ रु.

प्रमाण पेश नगरेको	९,५९,९३५

४० **मसलन्द तथा कार्यालय सामाग्रीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्रीहरु कोटेशनबाट पालिकामा रु.२७,१६,२२८.०० र वडा कार्यालयहरुमा समेतमा सोझै खरिद गरेको छ। उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग स साना टुक्रामा लागत अनुमान तयार गरी सोझै खरिद गरेको देखिन्छ। यसले खरिद कानूनको पालना भएको देखिदैन। यसरी खरिद गर्दा एउटै प्रकृतिका सामानहरुकोटेशनबाट सिधै खरिद गरेको मनासिब देखिएन। यसका केही उदाहरणहरुः

भौ नं मिति	सप्लायर्स	रकम
९८-०८१।०९।१२	दिपेश स्टेश्नेरी एण्ड जनरल अर्डर साप्लायर्स	१९९६१४
२१८-०८१।१२।२३	दिपेश स्टेश्नेरी एण्ड जनरल अर्डर साप्लायर्स	५७८६४
	राहुल स्टेशनेरी एण्ड ट्रेडर्स	४०९४२
२२०-०८१।१२।२३	सन्नी ट्रेडर्स एण्ड जनरल साप्लायर्स	११३१४०
८२-०८१।०९।०८	दिपेश स्टेश्नेरी एण्ड जनरल सप्लायर्स लहान लाई भुक्तानी	५७९०००
४०१।०३।२३	वडा नं. ५ का लागि कार्यालय सामाग्री खरिद एम आर एस ट्रेडर्स एण्ड सप्लायर्स	३९५८१२
४०८।३।२३	राहुल स्टेशनेरी एण्ड ट्रेडर्स	९०१२००

४१ **विविध खर्चः**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै स्थानिय तहलाई लागु हुनेगरी प्रकाशित नमुना कानून नगरपालिका/गाउँपालिकाको कार्य संचलन निर्देशिका, २०७७ को परिच्छेद ३ मा चियापान तथा अतिथि सत्कार बापत मासिक रुपमा गाउँपालिका अध्यक्षले रु.१५,०००.००, उपाध्यक्षले रु.१०,०००.०० गाँपालिकाको कार्यालयले रु.१०,०००.०० र वडा अध्यक्ष/वडा कार्यालयले रु.५,०००.०० रकममा नबढ्ने गरी मासिक रुपमा कार्यालय व्यवस्थापन गर्ने कर्मचारीले जिम्मा लिई सम्बन्धित पदाधिकारीको अनुमतिले कार्यालय प्रयोजनका लागि मात्र खर्चको आदेश दिन सक्ने व्यवस्था छ। पालिकाले उक्त निर्देशिकामा तोकिएको मापदण्ड पालना गरेको पाईएन यस वर्ष विविधमा पालिकाले रु.२४३६०००।०० खर्च गरेको छ। जुन निर्देशिकामा तोकिएको भन्दा रु.१७,२०,०००.०० बढी छ। पालिकाको आन्तरिक आय रु.११११७४१८.०० रहेको छ। विविध खर्च आन्तरिक आयको २३ प्रतिशत रहेको छ। न्यून आन्तरिक आय भएको अवस्थामा पालिकाले विविध खर्चमा बढी खर्च गर्नु मनासिब देखिएन।पालिकाले यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४२ **मर्मत तथा सम्भार खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकामा १ मिनि ग्रेडर, २ जिप, १ ट्रयाकटर, १ जेसिबी, १ एम्बुलेन्स, २७ मोटरसाइकल रहेकोमा पालिकाले सवारी साधन मर्मत तथा मेशिनेरी औजार मर्मतमा रु. २६१८०००।०० खर्च लेखेको छ। एउटै सवारी साधन पटक पटक मर्मत गरी खर्च लेखेको एवंम् सवारी मर्मत र मेशिनेरी औजार मर्मत खर्च सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा केही भुक्तानी वडा सचिव तथा कर्मचारीहरुको नाममा समेत खर्च बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन। साथै मेशिनेरी औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार रहेन। अतः यस प्रकारको खर्चलाई व्यवस्थित र मितव्ययीता कायम गर्न मर्मत खर्च सम्बन्धि मापदण्ड बनाई सोही अनुसार व्यवस्थित गर्नुपर्दछ।

४३ सफ्टवेयर संचालनः

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले एकिकृत सम्पति कर केन्द्र तथा १४ बटै वडा कार्यालयमा र शिफारिस तथा प्रमाणिकरण प्रकृया व्यवस्थापन सम्बन्धि सफ्टवेयर खरिद गरी रु. २४९७३०।०० खर्च लेखेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत नलिएको तथा सेकुरिटी अडिट समेत नगराएकोले उक्त सफ्टवेयरको आधिकारिक्ता एवं सुरक्षा सम्बन्धि जोखिम हुन सक्ने भएकोले यस्ता सफ्वेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ।

भौ नं. मिति	विवरण	विल रकम
९४।९।१२	सिफारि व्यवस्थापन तथा प्रमाणपत्र प्रणाली सफ्टवेयर संचालन तथा नविकरण खर्च सर्च सफ्ट नेपाल प्रा लि (विवध खर्च गाउपालिका संचालन हुने सानातिना खर्च२२७११ बाट)	२४९७३०

४४ बढी भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्क विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्दछ। पालिकाले सवारी भाडामा लिन दिलसाद खाँ संग मासिक १२००००।०० मा कर कट्टी गरी भुक्तानी हुनेगरी सम्झौता भएकोमा निम्न अनुसार बढी हुनेगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. ७८३४५।०० असुल गर्नुपर्दछ रु.

भौ. नं . मिति	विवरण	कर बाहेक भुक्तानी हुनुपर्ने	भएको रु.	बढी रु.
५१।८।११ र ५४।८।१३	असोज १० देखी र कार्तिक मसान्तको	१८३६००	२०१९६०	१८३६०
९३।९।१२	मंशिर महिनाको	१०८०००	११९९९७	११९९७
१५६।१०।२५	पुष माघ मसान्तको	२१६०००	२३९९९४	२३९९४
२४०।१२।२९	फागुन चैत्रको	२१६०००	२३९९९४	२३९९४
	जम्मा			७८३४५

असुल गर्नुपर्ने	७८,३४५

४५ जरिवानाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा तिरि महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुलमा थप जरिवाना भुक्तानी गरी थप व्ययभार पारेको रु.

भौ नं. मिति	विवरण	विल रकम	जरिवाना रु.
२९०।०२।०९	वडा कार्यालयको विद्युत विल	१७९५४५	४३२७५
२९०।०२।०९	प्राथ्मिक स्वास्थ्य केन्द्र औरही	५०००००	१२५०००
३४७।३।०२	वडा नं. ४ को विद्युत विल	५४०००	१६०००
	जम्मा		१८४२७५

अनियमित भएको	१,८४,२७५

४६ **मोतिया विन्दु सम्बन्धी शिविरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार भन्दा माथिको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाले गो भौ. नं. ११४ मिति २०८२।३।२० बाट मोतियाविन्दु सम्बन्धी शल्यकृया शिविर संचालनको लागि सगरमाथा चौधरी आँखा अस्पताल सिरहा ३ संग सम्झौतागरी ४१४ जनाको शल्यकृया गरी कार्यक्रम खर्च कूल रु. ५३५५००।०० भुक्तानी गरेकोमा उक्त अस्पतालले भ्याटविल पेश नगरी भरपाई गराएकोले नियमानुसारको विजक पेश गर्ने अन्यथा १५ प्रतिशतले हुने रु. ८०३२५.७५ कर असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८०,३२५.७५

४७ **निजी सवारी मर्मतः**

निजी सवारी साधन मर्मत गर्नुपर्ने कानुनी व्यवस्था रहेको देखिदैन। लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न अनसारको निजी सवारी मर्मत गरी रु. ९२३३१।०० खर्च लेखेको देखियो। पालिकाले सवारी साधनको अभाव रहेको र पालिका अन्तरगत कार्यरत वडा सचिवहरु तथा अन्य कर्मचारीहरुले कार्यालय प्रयोजनकोलागि आफ्नो निजी मोटरसाईकल प्रयोग गरेकोले मर्मत खर्च भुक्तानी दिएको जनाएको छ। पालिकाले यस प्रकारको खर्च लेख्न मर्मत सम्बन्धि कार्यविधि बनाई खर्च व्यवस्थित गर्नुपर्दछ।

भौ नं. मिति	सवारी नं.	विल रकम
१२६।१०।०६	स १ प ४५३१	४५३१
३९०।३।१९	स १० प ९८०६	४३५०
३९१।३।१९	स ४ प १४५९	१९८००
४२२।३।२३	स १० प ४४२८	१५७५०
४२२।३।२३	स १० प ४४२८	१५७५०
४४७।३।२४	म प्र ०१- ००४ प ४९७९	१२८५०
४५०।३।२५	म प्र ०१- ००४ प ८५८९	१९३००
	जम्मा	९२३३१

४८ **अस्पताललाई अनुदानः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनुपर्ने र त्यस्तो रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गरी पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो मातहतमा रहेको आधारभुत स्वास्थ्य केन्द्रलाई रु.१२,००,०००.०० अनुदान दिएकोमा सो अनुदान रकम कुन कुन शीर्षकमा खर्च भएको, खर्च रकम प्रचलित कानुन बमोजिम भए नभएको, अनुदान रकम जुन उदेश्यको लागि दिईएको हो सो पुरा भए नभएको, अनुदान रकम खर्च गर्दा सम्बन्धित सरोकारवाला, लाभग्राही तथा सेवाग्राहीले पाउनुपर्ने सेवा सुविधा पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गरी सो विषय उल्लेख हुनेगरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन। जसबाट अनुदान रकमको उचित व्यवस्थापन एंव सदुपयोग सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले अनुदान रकम खर्चको आधार पुष्टयाई समेत अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,००,०००

४९ **विज्ञापन शुल्क कट्टीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएका सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ। पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेषित गरी रु. ८५६०००।०० र गतवर्षको भुक्तानी रु. ४८३०००।०० समेत रु. १३३९०००।०० खर्च जनाएकोमा पालिकाले कार्यादेश समेत दिएको नदेखिएको र ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन। पालिकाले उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मागर्नुपर्दछ।

भौ नं. मिति	पत्रिका	एजेन्सी	रकम	३ प्रतिशत रु
१४४-०८१।१०।२३	टुडे खोज मिडीया प्रा. लि. पोखरी ठेक्का	टुडे खोज मिडीया प्रा. लि .	११३२२६	३३९७
२११-०८१।१२।२०	ईजोर (पोखरी गुन्दी रकान्जी हाउस सम्बन्धी ठेक्का सूचना)	प्रभास एण्ड प्रणव मल्टी पर्पोज प्रा. लि.	१९४९२५	५८४८
२४९-०८२।१।१९	टुडे खोज मिडिया प्रा. लि . (बोलपत्र आह्वान , आश्यको सूचना)	टुडे खोज मिडीया प्रा. लि.	३६९०८८	११०७३
४७- ०८१।०८।०८	एच टी पी न्यूज प्रा. लि . ललितपुर	एच टी पी न्यूज प्रा. लि . ललितपुर	३३९०००	१०१७०
	जम्मा		१०१६२३९	३०४८७

५० **मेयर शिक्षा कार्यक्रमः**

भिसेन्ट फेरर फाउन्डेसन (FVF) को आर्थिक सहयोग तथा औरही गाउँपालिकाको सहकार्यमा आसमान नेपालद्वारा संचालित मेयर शिक्षा समृद्धि कार्यक्रम अन्तर्गत औरही गाउँपालिकाको सीमान्तकृत परिवारहरु मध्ये अति जोखिममा रहेका परिवारका बालबालिकाहरुलाई विद्यालयमा पहुँच र निरन्तरताको लागि आय आर्जनको निम्ति साना रोजगार र व्यवसाय गर्न बीउ पूँजी (Seed Money) सहयोग अन्तर्गत निर्धारित मापदण्ड (Criteria) वमोजिम छनौट भएका परिवारका सदस्यलाई कृषि, गैह्र कृषि तथा साना व्यवसाय शुरुवात तथा सुधारका लागि सशर्त नगद अनुदान रु ३०,०००।- (अक्षरेपी रु.तीस हजार मात्र) प्रदान गरिने कार्यक्रम अन्तर्गत रु २०००० हजार आसमान नेपालबाट र रु. १०००० गाउँपालिकाबाट अनुदान भुक्तानी दिने गरी सम्झौता भएको देखिन्छ। सो अन्तरगत भौ नं. मिति २९७।२०८२।२।१२ बाट पालिकाबाट रु. ५०००००।०० आसमान नेपाललाई भुक्तानी भएको छ। छनौट भएका ५० परिवारलाई २०००० का दरले रु १००००००।०० भुक्तानी भएकोमा सम्झौतामा उल्लेख भए अनुसार १०००० घटी भुक्तानी भएको छ। पालिकाबाट भुक्तानी भएको रकम लाभग्राहीको खातामा भुक्तानी दिएको नदेखिएकोले उक्त रकम सम्बन्धितको खातामा भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलगरी पालिकाको संचितकोषमा दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

५१ **पदाधिकारी सुविधाः**

मधेश प्रदेश सभाले पास गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई यातायात सुविधा रु.१७,८८,०००।००, टेलिफोन तथा मोवाइल रु.७,६८,०००।००, पत्रपत्रिका तथा इन्टरनेट रु.८,४०,०००।००, अतिथि सत्कार रु.१६,३२,०००।००, बैठक भत्ता रु.४९२०००।०० र दशै भत्ता रु.४,२०,०००।००

गरी कूल रु. ५९४००००।०० भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आय रु १११९७४१८.०० मात्र रहेको छ। पालिकाले पदाधिकारी सुविधामा भुक्तानी गरेको रकम आन्तरिक आयको तुलनामा ५३.४३ प्रतिशत रहेको छ।

५२ **अतिरिक्त कक्षा सञ्चालन खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले कोचिङ्ग क्लास सञ्चालनकोलागि वडा नं. ४ मा ११ जना शिक्षक राखी रु. ११९४०१०।०० र वडा नं. १ मा रु. ६६००००।०० समेत रु. १८५४०१०।०० खर्च लेखेको छ। पालिकाले यसरी कोचिङ्ग क्लास सञ्चालन गर्दा कुन कुन विद्यार्थिहरुलाई अतिरिक्त कक्षा अवश्यक पर्ने हो सो सम्बन्धी छनौटको आधार तय नगरेको, कुन कुन विषयको थप कक्षा सञ्चालन गर्ने हो सोको मापदण्ड तयार नगरेको, कोचिङ्ग क्लास सञ्चालन गर्नुको आधार नखुलाएको तथा कोचिङ्ग क्लास सञ्चालन सम्बन्धी कार्यविधि तयार नगरी संघीय सरकारसंग दोहोरो हुने गरी शिक्षामा खर्च लेखेको तथा शिक्षकको योग्यता समेत नहेरी नियूक्ति गरेकोले उक्त रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१८,५४,०१०

५३ **कार्यक्रम संचालनः**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै स्थानिय तहलाई लागु हुनेगरी प्रकाशित नमुना कानुन नगरपालिका/ गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा १४ मा सबै प्रकारको तालिम गोष्टी सेमिनार कार्यशाला संचालन सम्बन्धि व्यवस्था छ। पालिकाले वन सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरेकोमा उक्त निर्देशिकाको पालना गरेको देखिएन। निर्देशिकामा प्रति कार्यक्रम विवधमा(व्यानर,पानी उदघाटन समापन) रु. ५००० खर्च लेख्नुपर्नेमा ५ ठाउँमा गरेको उक्त कार्यक्रममा विविध रु. ६३९०० खर्च लेखेको देखिएकोले रु. ३८९०० बढी खर्च लेखेको मितव्ययि देखिएन।

५४ **लघु उद्यम कार्यक्रमतर्फः**

यसतर्फ देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

५४.१ **अनुदानको प्रभावकारिताः** लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा प्रतिस्पर्धामा छनौंट भएका सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तरगत समूह/फर्म छनौंट गरी गरीवी निवारण एवं विपन्न वर्गको आय आर्जनमा टेवा पुर्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न सक्ने व्यबस्था रहेको छ। पालिकाले मानव विकास सुचकाङ्कमा पछाडी परेका एकल महिला तथा अपाङ्गहरुलाई तालिम सञ्चालन गरेको देखिन्छ। सञ्चालित तालिमबाट के कस्तो उपलब्धी हासिल भयो सो सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ तर पालिकाले बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन जस्ले गर्दा कार्ययोजना अनुरुप व्यवसाय सञ्चालन गरे नगरेको सम्बन्धमा आश्वस्तता हुन सकिने आधार देखिएन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

५४.२ **कार्यक्रमको पारदर्शिता :** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५६ मा लघु उद्यम विकास सम्बन्धी भएका कार्यक्रमको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई गरी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने स्थानीय तहको दायित्व तोकिएको छ। पालिकाले हाल सम्म कुनै किसिमको सार्वजनिक सुनुवाई गरेको जानकारिमा आएन। निर्देशिकामा व्यवस्था गरिए अनुरुप संचालित कार्यक्रमको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई गरी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरिनु पर्दछ ।

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

यसतर्फ देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

५५.१ **कार्यक्रम सञ्चालनः** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।यस कार्यक्रम अन्तर्गत पालिकाको ५ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६८ जनालाई औसत ५९.८९ दिनले ४०७३ दिन रोजगारी उपलव्ध गराई रु.२७,२०,७६४/- श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५५.२ **लागत साझेदारीः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा नहर र पैनी सरसफाई कृषी सडकमा माटो खन्ने र फिलिङ कार्य मात्रै भएकोले प्राय जसो सबै कामहरु दीगो नहुने भएका कामहरु बजेट अभावको कारणले अधुरो रहन सक्ने सम्भावना देखिन्छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गरि कार्यान्वयन गर्दा लागत साझेदारीको आधारमा गर्दा उच्चतम प्रतिफल दिने देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रम र पालिकाबाट उपकरण तथा सामग्रीको लागत साझेदारी बनाई योजना छनौट गर्नुपर्ने देखिन्छ।

५६ **समृद्धीको लागि वन परियोजना तर्फः**

यस कार्यक्रमतर्फ देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

५६.१ समृद्धीको लागि वन परियोजनाः समृद्धीको लागि वन परियोजना अन्तर्गत समुदायमा आधारित दिगो वन व्यवस्थापनको लागि संघीय सशर्त अनुदान मार्फत रु ८०,००,०००/- बजेट विनियोजन भएकोमा रु ३७,९९,९०२/- खर्च भएको छ। सो सम्बन्धमा देखिएको व्यहोराहरु निम्न छन्।

- सबै भुक्तानीहरुमा ईलेक्ट्रोनिक फण्ड ट्रान्फर नगरी कार्यक्रम संयोजक श्री सुशील यादवलाई भुक्तानी भएको देखियो।
- निजी वन वृक्षरोपण अनुदान कार्यक्रममा विभिन्न अनुगमनकर्ता तथा बाह्य वन प्राविधिकहरुले समेत अनुगमन भत्ता लिने गरेको तर कार्यसम्पन्न प्रतिवेदनमा कसैले दस्तखत नगरेको पाईयो।
- बाह्य अनुगमनकर्ताहरुले भ्रमण नियमावली अनुसारको खर्च लिने गरेको तर भ्रमण विल पेश गरेको देखिदैन।
- सबै कार्यक्रम पेश्किहरु फर्छौट नभई अर्को पेश्की लाने गरेको देखिन्छ।
- परियोजनाको उद्देश्य अनुसार विधान तयारी र दर्तावाला समूह गठन हालसम्म भएको देखिदैन।

तसर्थ नियमानुसार कार्यक्रम संचालन गर्ने र खर्चको रकम पारदर्शिहुने गरी विलभरपाई संलग्न गर्नुपर्दछ।

५६.२ **अनुगमन भत्ताः** समृद्धीको लागि वन परियोजना अन्तर्गत समुदायमा आधारित दीगो वन व्यवस्थापनको लागि सम्भावित वृक्षरोपण योग्य निजी जग्गाको पहिचान तथा योजना तयारीको क्रममा निजी वन २१ र सार्वजनिक २ गरि २३ स्थानमा वृक्षरोपण गर्ने कार्यक्रम र रुखको विधुतीय सर्भेक्षण गर्ने कार्यक्रममा अनुगमनकर्ताहरुको भ्रमण नियमावली अनुसार भ्रमण विल पेश नगरि अनुगमन भत्ताको रुपमा प्रति दिन रु १६०० को दरले रकम बुझेकोले स्वीकृत भ्रमण विल पेश गर्नुपर्ने अन्यथा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टी गर्नुपर्ने रु.

गो भौ नं र मिति	पद	नाम	भ्रमण दिन	रकम
१९०।२०८२।३।२४	वन अधिकृत	सरोज कुमार यादव	१ दिन	१६००
	वन प्राविधिक	पंडित लाल शाह	१३ दिन	२०८००
	सेवा निवृत अधिकृत	राम चन्द्र शाह	१२	१९२००
१९१।२०८२।३।२४	सेवा निवृत अधिकृत	राम चन्द्र शाह	८ दिन	१२८००
	वन प्राविधिक	पंडित लाल शाह	८ दिन	१२८००
जम्मा				६७२००

प्रमाण पेश नगरेको	६७,२००

५७ **आमा सुरक्षा कार्यक्रम तर्फः**

प्रदेश तथा स्थानिय तहमा संघिय सशर्त बित्तिय हस्तान्तरण भएका कार्यक्रम सन्चालन गर्दा खर्च हुन नसकि बाँकी रहेको रकम संघिय सञ्चितकोष फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं ३१ मिति २०८१।९।५ मा आमा सुरषा कार्यक्रम अन्तर्गत सुत्केरी तथा गर्भवति महिलालाई प्रोत्साहन भत्ता वितरण गर्दा सि अ न मि ललित कुमारी मेहत्ताको रु ३००००० पेश्की फर्छौटमा रु २५२६०० को वितरण भरपाई भएको र बाँकी रु ४७४०० नगद फिर्ता भई पालिकाकै सञ्चितकोषमा दाखिला गरेकोले संघिय सशर्त कार्यक्रमको खर्च हुन नसकेको रकम संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४७,४००

५८ **प्रदेश सशर्त पुँजीगत तर्फः**

पालिकाले प्रदेश शसर्त अनुदान अन्तर्गत १ देखि ५ वटै वडा सम्म ट्युबवेल खरिद तथा जडान कार्यमा उपभोक्ता समितिलाई भौचर नं ४, मिति २०८२।३।१९ बाट मा कुल रु २९,५५,५९२/- को भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको भ्याट बिल र नापी किताब तथा प्राविधिक मुल्यांकनले देखाएको निर्माण सामाग्री खपतको स्थिति फरक रहेको पाइयो।यसबाट उपभोक्ता समितिले तोकिए बमोजिमकै गुणस्तरका निर्माण सामाग्री प्रयोग गरेका छन भनी आश्वस्त हुन सकिएन।तोकिए बमोजिम नै निर्माण सामाग्री खरिद भएको भ्याट विल तथा प्रयोग भएको खुल्ने प्रयोगशाला परिक्षण प्रतिवेदन समेत संलग्न गरि पालिकाले भुक्तानी दिनुपर्दछ। यस सम्बन्धमा देखिएका थप बेहोराहरु निम्न अनुसार छन्

५८.१ **ट्युबवेल खरिद तथा जडानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ ।साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरे अनुसार हुनुपर्ने उल्लेख छ ।पालिकाले प्रदेश सशर्त तर्फ वडा नं १ देखि ५ सम्म ५७ वटा हातेकल खरिद तथा जडान कार्यको लागत अनुमान बनाई कार्यदेश दिएकोमा गो भौ नं ४ मिति २०८२।३।१९ मा उपभोक्ता समितिलाई ६८ वटा हातेकल खरिद तथा जडान कार्यको लागि कुल रु २९,५५,५९२/-(श्रमदान बाहेक) को भुक्तानी दिएकोमा उपभोक्ता समितिले प्रतिस्पर्धा बेगर लागत अनुमान बमोजिम समान खरिद गरेको पाइयो ।यसरी खरिद कार्यमा प्रतिस्पर्धा बेगर काम गर्ने प्रवृत्ति खरिद ऐन तथा नियमावलीको मनसाय अनुकुल भएको नदेखिएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराउदा सामान खरिदको प्याकेज बनाई प्रतिस्पर्धा गराउनु पर्दछ। ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य खरिद सम्बन्धी काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जान जरुरी देखिएको छ भने खरिद योजनामा ५७ वटा ट्युबवेल जडान गरिने गरि लागत अनुमान बनाएकोमा ११ वटा थप ट्युबवेल प्रति दर रु ५,५९३/- ले खरिद गर्दा पालिकालाई ६१,५२३/- थप व्ययभार पर्न गएकोले उक्त रकम नियमित नदेखिएको रु.

विवरण	परिणाम	दर	खरिद रकम
ट्युबवेल हेड २०- २२ केजी	४५ वटा	५५९३	२५१७०७
ट्युबवेल हेड १६- १८ केजी	२३ वटा	४१०२	९४३४४
जि आई पाईप १. ५ ”	६१ रनिङ मिटर	६१५	३७६५५
पोलिथिन पाईप १ . ५ ”	११७०३ रनिङ मिटर	५६	६५४६०७
नाईलन डोरी र टेप	६८ थान	८००	५४४००

अनियमित भएको	६१,५२३

५८.२ **आयोजना अनुगमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्रममा वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उपप्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन ।आयोजनामा कमि कमजोरी वा गुणस्तरसम्बन्धी प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

५९ **दोहोरो मु. अ. कर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापि किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ ।पालिकाले यस वर्ष देहायअनुसारको विधुतिकरणसम्बन्धी कार्य गर्न नेपाल विधुत प्राधिकरण सिरहा वितरण केन्द्रलाई पेश्की भुक्तानी गरेको छ । साथै पालिकाले विद्युतीकरण कार्यको लागत अनुमान समेत विधुत प्राधिकरणबाट तयार गर्न लगाएको छ ।प्राधीकरणले तयार गरेको लागत अनुमानमा मेटेरियल र लेबर कष्टमा मु. अ. कर समावेश गरेकोमा सोमा रिचार्जेवल चार्ज, सट डाउन चार्ज समेत जोडी जम्मा रकममा पुनः१३% भ्याट समावेश गरी लागत अनुमान तयार गरेको र सोही अनुसार पालिकाले पेश्की भुक्तानी गरेको छ ।यस्तो लागत अनुमानमा दुई पटक भ्याट(१३%) रकम थप गरीएको देखियो । तसर्थ पालिकाले यस्तो दोहोरो भ्याट बराबरको रकम पेश्की फस्यौटबाट कट्टा गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ.र मिति	पेश्की भुक्तानी	योजनाको नाम	कुल लागत अनुमान (भ्याट सहित)	भ्याट सहितको मेट्रियल लागत	भ्याट सहितको लेबर कष्ट	दोहोरो भ्याट भुक्तानी रु
४। ०८१-८-१९	१७, ०० , ०००	HT/LT Line Consruction Near Pra.bi School	२१०४५५९.७९	१४,६८,३७१.२४	१७२४८३.४	२४२,०७१.४८
५। ०८१-८-१९	१३, ०० , ०००	HT/LT Line Consruction Near gagan khola	१६, १६ , १५३.९१	१०७३५८२.७८	१८६८३०.०२	१८५,९०६.२०
			जम्मा रु			४२७,९७७.६८

प्रमाण पेश नगरेको	४,२७,९७७.६८

६० **बढी परिमाणको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रनिङ्ग विल वा अन्य कुनै विलको उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारको भवन निर्माणसम्बन्धी योजनाको भुक्तानीमा हेड रुमको ४ वटा कोलम हुनुपर्ने १६ वटाको नापी लिएकोले बढी परिमाणको भुक्तानी भएकोले यस्तो बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

गो.भौ.नं. र मिति	योजनाको नाम	उपभोक्ता समितिको अध्यक्ष र पदाधिकारी एंव निर्माण व्यवसायी	आईटम	परिमाण	दररेट	बढी भुक्तानी	कैफियत
८२। ०८२-३-२१	ज.आ.वि.औरहीको दोस्रो तल्ला थप	गँगलेश कुमार यादब सहित ७ जना पदाधिकारी	फर्म वर्क	५१.७४२ वर्ग मि.	१२३५.१९	६३९११	हेड रुमको ४ वटा कोलम हुनुपर्ने १६ वटाको नापी लिएको

असुल गर्नुपर्ने	६३,९११

६१ **बढी दरबाट भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको स्विकृत नम्सलाई आधार लिनु पर्ने उल्लेख छ । पालिकाले सडक विभाग र भवन विभागबाट जारी नम्सको आधारमा जिल्ला दररेटले तोकेको दररेटलाई लिई रेटएनलाईसिस तयार गरी स्विकृत गराएको छ । पालिकाले ४ थान टावर लाईट खरिद तथा जडान कार्यका लागि रु.९५४,४४५.०३ को लागत अनुमान तयार गरी कोटेशन बिधिबाट रु.९२२,४६८.८० मा कार्य गर्न लाईफगार्ड सर्जिकल एण्ड सप्लायर्ससँग मिति २०८२-१-१३ मा सम्झौता गरेको छ । पालिकाले २०० वाटको Flood Light को दर रु.२२५००।– राखी २४ वटा लाईटको लागत अनुमान तयार गरेकोमा सप्लायर्सले सो लाईट रु.२२०००।– मा सप्लाई तथा जडान गरेको छ । यस्तो लाईटको सिरहा जिल्लाको दर रु.६७८०।– रहेकोमा भ्याट र ओभरहेट सहित रु.८८१०.६१ हुन आउने देखिन्छ । सिरहा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट भन्दा बढी दररेटले लागत अनुमान तयार गरी खरिद गर्दा प्रति लाईट रु.१३१८९।२९ ले २४ वटा लाईटमा जम्मा रु.३१६५४५।- पालिकामाथी थप आर्थिक व्ययभार परेको छ ।तसर्थ यस्तो रकम नियमसम्मत मान्न सकिएन ।

अनियमित भएको	३,१६,५४५

६२ **फर्म वर्कमा दोहोरो भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको स्विकृत नर्म्स आधार लिनु पर्ने उल्लेख छ । सड्क विभागबाट २०७५ सालमा जारी नम्सको सेक्सन २००० मा फर्म वर्कसहित कंक्रिटको दररेटको नम्स निर्धारिण गरेको छ । नम्समा कंक्रिट(मेट्रियल,लेवर र ईक्युपमेण्ट) को लागतको ४% हुने रकम सहित कंक्रिटको दर निर्धारण गर्ने नम्स रहेको छ । पालिकाले वडा नं.३ नन्द किशोर पोखरिमा वाटो संरक्षण कार्यका लागी रु.१९,१६,६६६।६६ को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट कार्य गर्न मिति २०८२-१-८ मा सम्झौता गरेको छ । लागत अनुमानमा सडक विभागको नम्स अनुसार PCC(1:2:4) को दररेट रु.९९३७।९८(फर्म वर्क सहित) राखी लागत अनुमान तयार गरेकोमा पालिकाले सो कार्यको रु.१६,१६,६३५।७६ को मुल्यांकन गरी गो.भौ.नं.६८।०८२-३-१८ बाट रु.१४,५४,९७२।– भुक्तानी गरेको छ । नापी किताबमा फर्म वर्कको छुट्टै आईटम राखी PCC(1:2:4) मा २२.७५ वर्ग मिटरको रु.७३६।४४ को दरले दोहोरो भुक्तानी गरेको छ । यस्तो दोहोरो भुक्तानी रु.१६७५४।०१ मा १० जनश्रमदानको अंश कट्टा गरी रु.१५०७९।– उपभोक्ता समितिको अध्यक्ष उमेश कुमार यादब सहित ७ जना पदाधिकारीबाट असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१५,०७९

६३ **प्रोभिजनल सममा मु. अ. करः**

पालिकाले देहायअनुसारको योजना कोटेशन बिधिबाट निर्माण कार्य गराएकोमा PS Items मा मु. अ. कर समाबेश गरी भुक्तानी गरेको छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा PS Items मा मु. अ. कर समावेश हुने भएकोले थप मु. अ. कर जोड्दा भ्याट दोहोरो

भुक्तानी भएको छ। तसर्थ पालिकाले यस्तो देहोरो मु. अ. कर निर्माण व्यबसायीबाट असुल गर्नुपर्ने रु.

गो.भौ. र मिति	योजनाको नाम	निर्माण व्यबसायी	मुल्यांकन	PS Items	भुक्तानी	PS Items मा भ्याट भुक्तानी
७६। ०८२-३-१८	वडाभरीका सड्कमा ग्राभेल तथा ढलान कार्य	नितिश निर्माण सेवा	९०७, ६४४। ३६	ल्याब र सुचना पाटी	१३०००	१६९०।-
८८। ०८२-३-२१	सड्क ढलान-	आकृती सिद्धान्त कन्स्ट्रक्सन	३८२१०९। ३२	ल्याब र सुचना पाटी	१३०००	१६९०
११६। ०८२-३-२३	गल्लीहरु ढलान-	जितु एण्ड रिंकु निर्माण सेवा	५७१४१७। ८०	ल्याब र सुचना पाटी	१४०००	१८२०
१२३। ०८२-३-२३	राजदेबी र लुकेश्वरी मन्दिर निर्माण	जितु कन्स्ट्रक्सन	६६८९५९। ८५	ल्याब र सुचना पाटी	८०००	१०४०
१२९। ०८२-३-२३	शौचालय निर्माण	आयुष कन्स्ट्रक्सन	८६१८३७। ७३	ल्याब र सुचना पाटी	७०००	९१०
	जम्मा					७१५०

असुल गर्नुपर्ने	७,१५०

६४ **प्रोभिजनल समः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनु पर्ने र प्रोभिजलन आईटम वापतको रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक विलको आधारमा प्रोजेक्ट मेनेजरको वा साईट ईन्चार्जको पुर्वस्विकृती लिएर मात्रै भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न योजनाहरुमा तपशिल अनुसारको विल मार्फत भुक्तानी दिँदा प्रोभिजनल सम आइटमको विल भरपाई वेगर प्राविधिक विलकै आधारमा भुक्तानी दिएको देखिन्छ। उक्त कार्यमा निम्न भौचरबाट भुक्तानी भएको रनिङ विलमा प्रोभिजनल सम बापतको कार्यको विल भरपाई समेत पेश नगरी भुक्तानी दिएकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

गो. भौ . नं . मिति	योजनाको नाम/ उ . स . र निर्माण व्यवसायी	विवरण	विल रकम	भुक्तानी रकम	बढी	कैफियत
७५।०८२-३-१९	गा.पा.भरी सड्क मर्मत-नवदुर्गा कन्स्ट्रक्सन	सुचना पाटी	०	४०००	४०००	बिल, फोटो नरहेको
८८।०८२-३-२१	सड्क ढलान-आकृती सिद्धान्त कन्स्ट्रक्सन	सुचना पाटी	०	४०००	४०००	बिल र फोटो नरहेको
९४।०८२-३-२२	सड्क ढलान-जे डि निर्माण सेवा	ल्याब टेष्ट	०	९५००	९५००	बिल, रिपोर्ट नरहेको
		सुचना पाटी	०	१५००	१५००	बिल र फोटो नरहेको
११२।०८२-३-२३	सड्क ढलान-वि एम ईन्जिनियरिङ्ग सोलुशन	सुचना पाटी	०	२२००	२२००	बिल र फोटो नरहेको
		ल्याब टेष्ट	०	२०००	२०००	बिल, रिपोर्ट नरहेको
११६।०८२-३-२३	गल्लीहरु ढलान-जितु एण्ड रिंकु निर्माण सेवा	ल्याब टेष्ट	०	१००००	१००००	बिल, रिपोर्ट नरहेको
	जम्मा				३३२००	

प्रमाण पेश नगरेको	३३,२००

६५ **लागत अनुमान भन्दा बढी प्रोभिजन सम भुक्तानीः**

पालिकाले देहायअनुसारको योजनाको लागत अनुमान तयार गरी कोटेशनबाट कार्य गराएकोमा मुल्यांकनमा PS Items को रकम लागत अनुमान भन्दा बढी भुक्तानी गरेको छ। पि.एस.आईटमको रकम कोटेशन माग गर्न नहुने र शुरु लागत अनुमान भन्दा बढी भुक्तानी दिन

नहुने देखिन्छ। तसर्थ यस्तो बढी भुक्तानी पालिकाले निर्माण व्यबसायीबाट असुल गर्नु पर्ने रु.

गो.भौ. र मिति	योजनाको नाम	निर्माण व्यबसायी	PS Items	लागत अनुमान	भुक्तानी	बढी भुक्तानी
७६।०८२-३-१८	वडाभरीका सड्कमा ग्राभेल तथा ढलान कार्य	नितिश निर्माण सेवा	सुचना पाटी	१०००	४०००	३०००
८८।०८२-३-२१	सड्क ढलान-	आकृती सिद्धान्त कन्स्ट्रक्सन	सुचना पाटी	१०००	४०००	३०००
११६। ०८२-३-२३	गल्लीहरु ढलान-	जितु एण्ड रिंकु निर्माण सेवा	ल्याब टेष्ट	९०००	१००००	१०००
			सुचना पाटी	१०००	४०००	३०००
१२३। ०८२-३-२३	राजदेबी र लुकेश्वरी मन्दिर निर्माण	जितु कन्स्ट्रक्सन	ल्याब टेष्ट	३०००	४०००	१०००
			सुचना पाटी	१०००	४०००	३०००
१२९। ०८२-३-२३	शौचालय निर्माण	आयुष कन्स्ट्रक्सन	ल्याब टेष्ट	३०००	५०००	२०००
			सुचना पाटी	१०००	२०००	१०००
	जम्मा					१७०००
					असुल गर्नुपर्ने	१७,०००

६६ **मूल्य अभिभृद्धि कर रकम बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। उपभोक्ता समितिसंग सम्झौता गर्दा निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु सालको काठ र इट्टामा मूल्य वृद्धि कर जोडी लागत अनुमान तयार गरी सम्झौता गरेको छ।स्रेस्ता परिक्षण गर्दा देहायअनुसारका उपभोक्ता समितिलाई मुल्यांकन परिमाण भन्दा बढी परिमाणको भ्याट भुक्तानी गरेको छ। तसर्थ यस्तो बढी भुक्तानी भएको भ्याट रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गो.भौ.न./ मिति	योजनाको नाम	सामाग्री विवरण	मुल्यांकन	मुल्यांकनमा भ्याट भुक्तानी	कर विजक पेश	विजकअनुसार भुक्तानी हुने भ्याट	बढी भ्याट भुक्तानी
६०। ०८२-३-२४	वडा नं.१ दरहिया मा.वि.को अधुरो भवन निर्माण	सालको चौकस	३८२२००	४९,६८६	२४९०००	३२३७०	१७३१६
		ईटा	१०७९९०८	१४०३८७	३७२०००	४८३६०	९२०२७
	जम्मा						१०९३४३
						असुल गर्नुपर्ने	१,०९,३४३

६७ **अधुरो निर्माण कार्यः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले गत विगतमा निर्माण शूरू भएका र निर्माण सम्पन्न नभएका देहायअनुसारका अधुरा योजनाहरू यस वर्ष समेत संचालन गरेको छ। यस्ता योजनाहरूको जिम्मेवारी सारेको देखिएन। साथै यस्तो योजनाको कुल लागत अनुमान र डिटेल ईष्टिमेट, विगतमा भएका कामको विवरण, बाँकी रहेको काम को विवरण र यस वर्ष गर्नुपर्ने कामको विवरण देखिने अध्यावधीक योजना फारम तयार गरेको देखिएन। साथै विगतमा यस्तो योजना निर्माण गर्ने निर्माण व्यवसायी, उपभोक्ता समितिको विवरण, म्याद थप भए नभएको विवरण नरहेकोले यस्तो निर्माण कार्यमा त्रृटि हुने अवस्थामा निर्माण गर्नेलाई जिम्मेबार बनाउने आधार देखिएन ।तसर्थ देहायका योजनाको भुक्तानी बिगतमा भैसकेको कामको समेत हुन सक्ने हुँदा यसै वर्ष भएका कामको मात्र भुक्तानी भएकोमा आश्वस्त हुन सकिएन। केही उदाहरणः

गो.भौ./मिति	योजनाको नाम	उ.स./निर्माण व्यवसायी	लागत अनुमान	मुल्यांकन	भुक्तानी रकम
२४/०८१-१२-२९	अधुरो दुर्गा मन्दिर निर्माण कार्य	उ.स.	१७,२४, ४४७।४४	१७,२४, ३५७।३३	१५,५१, ९२१।६०
२६/०८१-१२-३०	अधुरो सोमनाथ मन्दिर निर्माण कार्य	उ.स.	१६,६६, ६६६।६७	१४,२२, ०४७।१३	१२,७९, ८४२।-
६०/०८२-३-१५	वडा नं.१ दरहिया मा.वि.को अधुरो भवन निर्माण	उ.स.	२१,५५, ५५५।५६	२१,५५, ३८६।९४	१९,३९, ८४८।२५
८२/०८२-३-२१	जनता आ.वि. अधुरो भवनको दोस्रो तल्ला थप	उ.स.	३२,३३, ३३३।३३	३२,३३, १६८।२९	२९,८४, ९५१।-
१५१/०८२-३-२५	अधुरो पशु भवन निर्माण	उ.स.	१५,०८, ८८८।८८	१५,०८, ८७२।६२	१३,५७, ९८५।-
१५०/०८२-३-२५	अधुरो हनुमान मन्दिर निर्माण	उ.स.	२१,५५, ५५५।५५	२१,५५, ०९३।९८	१९,३९, ५८४।५८

६८ **जटिल प्रकृतीको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर सि सि फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट,ह्युम पाईप जडान,सडक ढलान र विधुतिकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२४/०८१-१२-२९	अधुरो दुर्गा मन्दिर निर्माण कार्य	आर.सि.सि.स्ट्रक्चर निर्माण	१५,५१,९२१।६०
५६/०८२-३-१४	सड्क ढलान	आर.सि.सि.ढलान	२४,२४,६४९।-
६०/०८२-३-१५	वडा नं.१ दरहिया मा.वि.को अधुरो भवन निर्माण	आर.सि.सि.स्ट्रक्चर निर्माण	१९,३९,८४८।-
६८/०८२-३-१८	वडा नं.३ नन्दकिशोर पोखरिमा बाटो संरक्षण कार्य	आर.सि.सि.स्ट्रक्चर निर्माण	१४,५४,९७२।-
८२/०८२-३-२१	जनता आ.वि.दोस्रो तल्ला थप	आर.सि.सि.स्ट्रक्चर निर्माण	२९,८४,९५१।-
१५१/०८२-३-२५	अधुरो पशु भवन निर्माण	आर.सि.सि.स्ट्रक्चर निर्माण	१३,५७,९८५।-
१६०/०८२-३-२५	कृषी विधुतिकरण	तार, पोल जडान	९,६९,९८६।-
८६।०८२-३-२२	कृषी सड्क निर्माण	माटो,ग्राभेल र ह्युम पाईप जडान	१३,१८,५९२।-

६९ **फरक शीर्षकबाट भुक्तानीः**

आर्थिक कार्यविधी तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट तथा कार्यक्रमको सीमा भित्र रही सरकारी रकम खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाले देहाय अनुसारका खाजा खानाको बिलको भुक्तानी खर्च शिर्षक फरक पारी योजनाबाट सोझै खर्च लेखी भुक्तानी गरेको छ। यसरी खाजा खानाको बिलको भुक्तानी योजनाबाट भुक्तानी गरेकोले अनियमित देखिएको रु.

गो.भौ. र मिति	खर्चको प्रकृती	खर्च शिर्षक	भुक्तानी प्राप्त गर्ने	रकम
७५।०८२-३-१९	खाना खाजा बिल	गा.पा.भरि सड्क मर्मत कार्य	दिपेन्द्र कुमार यादब	३००००।-
८४।०८२-३-२९	खाना खाजा बिल	ह्याण्ड पाईप खरिद तथा जडान योजना	शिवम होटेल	३००००।-
	जम्मा			६००००।-

अनियमित भएको	६०,०००

७० **स्रेस्ता पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को नियम ३६(१) मा अन्तिम लेखापरिक्षणको सिलसिलामा लेखापरिक्षकबाट सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ । पालिकाले लेखापरिक्षणको क्रममा देहायअनुसारको प्रमाण कागजात,स्रेस्ता पेश नगर्दा यस्तो भुक्तानी यकिन गर्न सकिएन । तर्सथ खर्च पुष्टि हुने स्रेस्ता, प्रमाण कागजात बिल भरपाई पेश हुनुपर्ने अन्यथा भुक्तानी प्राप्त गर्नेसँग असुल गर्नुपर्ने रु.

गो.भौ.र मिति	भुक्तानी प्राप्त गर्ने	वापत	रकम	कैफियत
५४। ०८२-३-१४	आदित्य युवराज कन्स्ट्रक्सन	राधेबाबा धर्मशाला माटो पुर्ने कार्य	९४५,३७०	सक्कल कर विजक पेश गर्ने
६४। ०८२-३-१५	नेन्सी ईन्टरनेशनल	सु.ज.मा.वि.औरहीका लागि फोटोकपी मेशीन, म्युजिक सिस्टम, CCTV लगायत सामान खरिद	९९१,५४६	विधालयलाई हस्तान्तरण गरेको र विधालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्ने
६६। ०८२-३-१७	समृद्धि कन्स्ट्रक्सन	वडा नं.४ मा कृषी सडक निर्माण	७५७१३९	सक्कल कर विजक पेश गर्ने
७०। ०८२-३-१८	प्रताप कुमार यादव	प्रयोजन नखुलेको	४५००	बिल भरपाई बेगर भुक्तानी, बिल भरपाई पेश गर्ने
८६। ०८२-३-२२	उपभोक्ता समिति- कृषी सडक निर्माण	ह्युम पाईप ढुवानी	२००००	बिल,भरपाई पेश गर्ने
१४५। ०८२-३-२४	सोखा नाथ ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स-गा.पा.भरी सडक मर्मत	निर्माण कार्य	९४३,६९२	सक्कल कर विजक पेश गर्ने
१५। ०८१-११-१	ए.आर.ट्रेडर्स एण्ड सप्लायर्स	ल्यापटप र स्क्यानर खरिद	४२९,७३१	स्रेस्ता पेश गर्ने
१६। ०८१-११-१	किशोर फर्निचर सेन्टर	फर्निचर खरिद	२६३,२३३	स्रेस्ता पेश गर्ने
१७। ०८१-११-१	पि.के.जेनरल स्टोर	दराज खरिद	१३२,२१०	स्रेस्ता पेश गर्ने
१८। ०८१-११-१	प्रशान्त जेनरल स्टोर	कार्यालय सामान खरिद	९५९,७२३	स्रेस्ता पेश गर्ने
१९। ०८१-१२-२०	लाल स्टोर	कुर्सी खरिद	३३३३५	स्रेस्ता पेश गर्ने
४५। ०८२-२-२८	उपभोक्ता समिति	सडक ढलान वडा नं.३	९६३,३००	स्रेस्ता पेश गर्ने
७७। ०८२-३-११	उपभोक्ता समिति	विभिन्न सडकहरुमा माटो तथा ग्राभेल कार्य खजनपुर	५३५,०००	स्रेस्ता पेश गर्ने
१३३। ०८२-३-२३	ग्रे.हि.रिसर्च एण्ड कन्सल्टेन्ट प्रा.ली.	सु.ज.मा.वि.छात्रावास निर्माण डि.पि.आर. तयारी	९७२,९३०	स्रेस्ता पेश गर्ने
१४६। ०८२-३-२४	आई.टि.सोलुसन प्रा.ली.	सामान खरिद	३३४,४८०	स्रेस्ता पेश गर्ने
१५६। ०८२-३-२५	नेपाल विद्युत प्राधिकरण	कृषी विद्युतीकरण	८५८,८४५	स्रेस्ता पेश गर्ने
१६१। ०८२-३-२५	उपभोक्ता समिति	विभिन्न सडकहरुमा माटो तथा ग्राभेल कार्य खजनपुर	९१४,५५७	स्रेस्ता पेश गर्ने
१६४।	नेपाल विद्युत प्राधिकरण	कृषी विद्युतीकरण	४१४,८९०	स्रेस्ता पेश गर्ने

०८२-३-२५				
१६५। ०८२-३-२५	नेपाल विद्युत प्राधिकरण	कृषी विद्युतीकरण	५२८,२४७	स्रेस्ता पेश गर्ने
	जम्मा		११००२७२८	

प्रमाण पेश नगरेको	१,१०,०२,७२८

७१ **खानेपानी तथा सिचाई योजनाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैयाभन्दा बढीलागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुन सुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष एकै प्रकृतिको देहायअनुसारको बोरिङ्ग तथा जडान, चापाकल एवं स्यालो ट्युवेल जडानका छुट्टा छुट्टै योजना बनाई १०० थान स्यालो ट्युवेल, १२३ वटा चापाकलसहित २२३ वटा बोरिङ्ग तथा जडानमा जम्मा रु.१०४२५८७९।२५ खर्च गरेको छ । पालिकाले एकै प्रकृतिको खरिद कार्य छुट्टा छुट्टै लागत अनुमान तयार गरी सिलबन्दी र कोटेशनबाट खरिद गर्दा प्रतिस्पर्धा सिमित भएको छ भने खर्च मितव्ययी भएको देखिएन । तसर्थ पालिकाले एउटै प्रकृतिको खरिद कार्यको प्याकेजमा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सिमित हुने गरी उपभोक्ता समिति र कोटेशनबाट खरिद गरेकोले नियमसम्मत मान्न सकिएन । तसर्थ पालिकाले एउटै प्रकृतिको खरिद कार्यको प्याकेजमा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । साथै कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ । पालिकाले यस वर्ष एकै प्रकृतिको देहायअनुसारको वोरिङ्ग, चापाकल एवं स्यालो ट्युवेल जडानका छुट्टा छुट्टै योजना बनाई सञ्चालन गरेको छ । यस्तो योजना पालिकाले विगत वर्ष देखि नै सञ्चालन गर्दै आईरहेकोमा समेत कार्यबिधि तयार गरेको छैन । कार्यबिधि बेगर यस्तो योजना सञ्चालन गर्दा वास्तविक लाभग्राही छनौट भई योजनाबाट आर्थिक सामाजिक रुपले कमजोर वर्गले योजनाको लाभ प्राप्त भएकोमा आश्वस्थ हुन सकिएन । साथै पालिकाले बोरिङ्ग गरेको स्थान खुल्ने जि.पि.एस.लोकेशन सहितको जडान प्रतिवेदन समेत जारी गरेको छैन । तसर्थ यस्ता योजना सञ्चालन गर्दा कार्यविधी बनाई वास्तविक लाभग्राहीको पहुँच सुनिश्चितता गर्ने र जि.पि.एस.लोकेशन सहितको जडान प्रतिवेदन तयार गर्नु पर्दछ ।

गो.भौ.नं.	खरिद विधि	स्यालो ट्युवेल	चापाकल	वोरिङ्ग	रकम
९	कोटेशन		११	११	९४८५९३
२२	कोटेशन		१३	१३	६६७३४४
४९	कोटेशन	१९		१९	९०३७९८
५७	उपभोक्ता समिति	१७	२	१९	७७२४२५
८४	कोटेशन		११	११	७४६१७९
१००	कोटेशन	१९		१९	९३७७१९
१०२	कोटेशन		१८	१८	९५११४३
१०६	कोटेशन		१९	१९	९५२८३१
१२५	कोटेशन		८	८	३८२५५५
१३७	उपभोक्ता समिति		४१	४१	१४२९८५३.२५
१४२	कोटेशन	१६		१६	७७८४९२
१४४	कोटेशन	२९		२९	९५४९४७
	जम्मा	१००	१२३	२२३	१०४२५८७९.२५

७२ **अधुरो पशु भवन निर्माणः**

पालिकाले अधुरो पशु भवन निर्माण मिति २०८२/३/१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८२/२/५ मा उपभोक्ता समितिसंग रु.२१,५५,५५५।५५ को लागत अनुमान स्वीकृत गरी सम्झौता गरेको देखिन्छ ।पालिकाले उक्त कार्यको मुल्यांकन रु. २१,५५,०९३।९८ गरी गो.भौ.नं. १५०/०८२-३-२५ बाट रु.१९,३९,५८४।५८ भुक्तानी गरी कार्य सम्पन्न प्रतिबेदन जारी गरेको छ । योजनाको स्थलगत अनुगमन गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

स्थलगत अनुगमनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा त्रुटिपुर्ण कार्य अस्वीकार गर्ने र त्यस्तो कार्य निर्माण व्यवसायीवाट प्रतिस्थापन गर्न लगाउने उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधिक कर्मचारी र साईट ईन्चार्जसहित भवन निर्माण अवस्था स्थलगत अनुगमन गर्दा पालिकाले निर्धारण गरेको कोलम र बिमको कंक्रिटको गुणस्तर(M20) कायम रहेको देखिएन । भवनको कोलममा Joint को बाहिरबाट गिट्टीमात्र देखिने गरेको, कंक्रिटमा वालुवा, सिमेन्ट र गिट्टीको भाग तोकिएको मात्रामा नहुँदा र भाईब्रेटर प्रयोग आवश्यक मात्रामा नहुँदा कोलमको भित्री भाग खोक्रो परेको देखिन्छ ।ढलान भएको बिम, कोलमको केही भागमा गिट्टीको मात्रा धेरै देखिन्छ। त्यस्तै प्रकारको अवस्था स्लाबको बिम र स्लाबमा समेत देखिन्छ । तसर्थ पालिकाले कंक्रिटको गुणस्तर कायम गरी भवन निर्माण दिगो बनाउनका लागि प्राविधिकबाट परिक्षण गराई गुणस्तरयुक्त निर्माणका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।

७३ **कृषि बजार व्यवस्थापन:**

(ठे.नं. २।०८१।०८२) गाऊपालिकाको वार्ड नं. ५ मा कृषि बजार व्यवस्थापनका लागि रु.४८५४९९७१।७२(मु.अ.कर प्रोभिजनल सम समेत) को लागत अनुमान स्वीकृत भै बोलपत्र आव्हान भएकोमा ७(सात)वटा वोलपत्र पेश भएको तर प्राविधिक मूल्याङकनवाट १(एक)मात्र पास भएको देखिन्छ।प्राविधिक मुल्यांकनवाट पास भएको एक मात्र वोलपत्र दाता सविरा कन्स्ट्रक्सन,काठमाडौंको कवोल अंक रु.४३९७९४५३।०५(मु.अ.कर प्रोभिजनल सम समेत)रहेकोले सम्वन्धित सँग मिति २०८२।०१।११ मा सम्झौता भई निर्माण कार्य शुरु भएको छ।सम्झौता अनुसार उक्त कार्य १ वर्षमा सम्पन्न गर्ने उल्लेख छ।यस आ.व.मा उक्त कार्यको तेस्रो रनिङ्ग विल सम्म रु.२२६३३५२०।६२(मु.अ.कर र प्रोभिजनल सम समेत) भुक्तानी गर्नु पर्नेमा मूल्य समायोजन रु.९१४६२२।–(मु.अ.कर समेत)रु.२३५४८१४२।६२ भुक्तानी भएको छ।उक्त निर्माण कार्यको भुक्तानी सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

७३.१ **सक्कल विल विजक वेगर भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३९(१०)मा विल विजकको भुक्तानी गर्दा रित पुगे नपुगेको सुनिश्चित गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीलाई निम्न गो.भौ.र मिति वाट रनिङ्ग बिलको रकम भुक्तानी गरेकोमा सम्वन्धितले पेश गरेको फोटो कपि बिल विजकको आधारमा भुक्तानी गरेकोले नियमको पालना गरेको पाईएन।

७३.२ ११।०८२।३।७ वाट प्रथम रनिङ्ग विलको रकम भुक्तानी गर्दा प्रोभिजनल सम ल्याव टेष्ट वापत लीडरसिप ईन्जीनियरिङ ल्याव प्रा.ली. सिराहालाई भुक्तानी गरेको बिल नं. १६०।०८२।३।४ को रु.११६३९०।०० र होर्डिङ्ग बोर्ड वापत गणेश ट्रेडर्स एण्ड अर्डर सप्लायर्स सिराहालाई भुक्तानी गरेको बि. नं.४९८।०८२।१।२२ को रु.१०००० समेत रु.१२६३९०।०० को सक्कल विल पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,२६,३९०

७३.३ दोश्रो रनिङ्ग विलको रकम रु.५०४०३४४।९३ भुक्तानीका लागि पेश गरेको विजक नं १०।०८२।३।१८ को फोटोकपि पेश भएकोले सक्कल विजक पेश गर्नुपर्ने अन्यथा सो वापत भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. ५७९८६२।६९ समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,७९,८६३

७३.४

मूल्य समायोजन भुक्तानी: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त व्यक्तिले मुल्य समायोजन गर्न सक्ने उल्लेख छ।त्यस्तै सा.ख.नियमावली २०६४ को नियम ११९(१)मा सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र नियम ११९(२)ग मा मुल्य समायोजनको अधिकतम रकम खुलाउनु पर्ने उल्लेख छ। कृषि बजार व्यवस्थापन कार्यको ठेक्का सम्पन्न गर्ने म्याद बाह्र महिना मात्र रहेकोमा मुल्य समायोजन गर्न मिल्ने देखिदैन।कार्यालयले मुल्य समायोजनको प्रावधान राखि सोको कोफिसेन्ट दिएको र निर्माण व्यवसायीले सोहि अनुसार कोफिसेन्ट पेश गरेकोले मुल्य समायोजन दिएको देखिन्छ।तर नियमावली को नियम ११९(२)ग मा मुल्य समायोजनको अधिकतम रकम खुलाउनु पर्ने उल्लेख भएकोमा सम्झौताको SCC को ५३.७ मा The price adjustment shall be limited to a maximum 0(शुन्य) प्रतिशत of the initial contract amount उल्लेख भएवाट उक्त निर्माण कार्यमा मुल्य समायोजन वापत भुक्तानी गर्न मिल्ने देखिदैन।तसर्थ उक्त निर्माण कार्यको तेस्रो विल सम्म भुक्तानी भएको मुल्य समायोजन रकम रु.९१४६२२(मु.अ.कर समेत) अशुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,१४,६२२

७४ **संघ समपुरक अनुदान:**

ठेक्का नं १।०८०।०८१, जनता मा.वि. भवन तथा चिल्ड्रेन पार्क निर्माण कार्यका लागि निर्माण व्यवसायी SMT-B.M.J.V. काठमाण्डौ सँग मिति २०८१।३।२१ मा रु.७९४१८८९०।७०(मु.अ.कर तथा प्रोभिजनल सम समेत)को सम्झौता भएको छ।उक्त कार्यको सम्पन्न गर्ने अवधि मिति २०८४।३।२० सम्म रहेको छ।आ.व.२०८०।०८१ मा पेश्कि वापत रु.४८७००००।०० खर्च लेखेकोमा यो आ.व.मा प्रथम र दोश्रो विलको रकम वापत रु.३०७९४४२२।६५(vat and Ps समेत) को विल पेश भएकोमा रु.२८४४२९९९।७८(गा.पा.र संघ समेत)भुक्तानी खर्च गरेको छ। वाँकि रु.२३५१४२२।८७ भुक्तानि भएको देखिएन। उक्त कार्यको रनिङ विल भुक्तानी गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन:

७४.१ **बिल बेगर भुक्तानी**: भौ.नं. ३ र २९।०८२।१।१२ बाट प्रथम रनिङ विलको रकम रु.१३८१०७४७।७८ भुक्तानी गरेकोमा प्रोभिजनल सम वापत होर्डिङ बोर्डको रु.१००००।०० भुक्तानी खर्च लेखेकोमा सोको बिल श्रेष्तासाथ संलग्न नभएकोले बिल पेश गर्नुपर्ने अन्यथा भुक्तानी भएको रकम अशुल गर्नुपर्नेरु.

प्रमाण पेश नगरेको	१०,०००

७४.२ **धरौटी, मू. अ. कर तथा अग्रिम कर कट्टी नभएको:** भौ. नं. २५ र १४१।०८२।३।२४ वाट दोश्रो रनिङ बिल वापत रु.१४६५९२५२।०० भुक्तानी खर्च लेखेकोमा नियमानुसार कट्टी गर्नुपर्ने अग्रीम कर, मू.अ.कर र धरौटी कट्टी नगरेकोले निर्माण व्यवसायीले पेश गरेको कर विजक रु.१५०३०५८०।७७ (मू.अ.कर वाहेक) मा नियमानुसार कट्टी गर्नुपर्ने रु. १५६२५७६।९१ (अग्रिम कर रु.२२५४५८।७१, धरौटी कट्टी गर्नुपर्ने रु. ७५११९०।०० र मू.अ.कर रु. ५८५९२८।२०) कट्टी गरी सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,६२,५७६.९१

७५ **खरिद व्यस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ मा सार्वजनिक निकायले निर्माण कार्य, मालसामान र परामर्श सेवा खरिद गर्दा ऐन र नियमावलीको प्रक्रिया अपनाई मितव्ययी एवं प्रतिस्पर्धी तवरले खरिद गर्नु पर्ने उल्लेख छ ।पालिकाले यस वर्ष मालसामान, परामर्श एवं निर्माण कार्यको खरिद गर्दा देहायअनुसारको अवस्था देखियो ।

- सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामाग्रीको दरभाउ, मेशीन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा र समितिले नतोकेको अवस्थामा सरकारी कार्यालय,संस्थान, प्राधिकरण वा उद्योग वाणिज्य संघले दिएको दरभाउको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। पालिकाले जिल्ला दररेटमा नरहेको मालसामान, निर्माण सामाग्रीको

लागत अनुमान तयार गर्दा सोको स्पष्ट आधार देखिने गरी आधार लिएको देखिएन । पालिकाले छिमेकी जिल्लाको न्युनतम दररेट, बजारभाउ, विगतमा खरिद गरेको दररेटलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्दछ ।

- प्रायः आर्थिक वर्षको अन्तिम त्रैमासिकको जेष्ठ महिनामा योजना सम्झौता गर्ने गरेको र निर्माण सम्पन्न गर्ने अवधी समेत १ महिना भन्दा कम दिने गरेको देखियो । यस्तो अवस्थामा प्रायःयोजना समयमा सम्पन्न नहुँदा अधुरो रहेको देखियो । समयमा वार्षिक वजेट तथा कार्यक्रम नआउने, प्रमुख प्रशासकिय अधिकृतलाई समयमा अख्तियारी नदिने, सुत्रमा योजना प्रविष्टि समयमा नहुने, खाता संचालन समयमै नहुने लगायतको समस्या समाधान गरी पालिकाले पहिलो त्रेमासिकमा योजना सम्झौता गर्ने र समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्दछ ।
- उपभोक्ता समिति गठन गर्दा संभावित लाभग्राही पहिचान गरी पालिकाको वेभसाईटमा सार्वजनिक सुचना प्रकासित गरी पारदर्शीतवरले आम भेलाबाट समिति गठन गर्नु पर्दछ ।
- वडास्तरीय योजना संचालनका लागी वडा अध्यक्षले खरिद विधी उल्लेख गरी योजना सम्झौता गरि दिन हुन भनी पालिकामा पत्र प्रेषित गर्ने गरेको देखियो । सार्वजनिक खरिदको विधी नियमाबलीको व्यवस्था अनुरुप खरिद ईकाई गठन गरी प्रतिस्पर्धी विधि छनौट गर्नु पर्दछ ।
- उपभोक्ता समिति/ कोटेशन विधीबाट खरिद गरी निर्माण कार्य संचालन गर्दा पालिकाले नापी गरेको मिति समेत उल्लेख गरी रितपुर्वक नापि किताब तयारी गर्नु पर्दछ । पालिकाले अधीकांश योजनाको कार्यसम्पन्न प्रतिवेदन जारी गरेकोले नियमावलीको व्यवस्था अनुसार निर्माण कार्य सकिएको अवस्थामा कार्य स्विकार प्रतिवेदन जारी गर्नु पर्दछ ।
- कोटेशनबाट निर्माण कार्य गर्दा पेश भएको दरभाउपत्र एउटै फर्मेटमा एउटै व्यक्तीको अक्षरमा भरेको देखियो । साथै दरभाउपत्र माग गरेको प्रत्र समेत सम्बन्धीत निर्माण व्यवसायीले बुझेको भरपाई संलग्न गरेको देखिएन । निर्माण व्यवसायीले पेश गरेको फर्म दर्ता, प्यान दर्ता, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि स्पष्ट नदेखिने र प्रमाणित समेत नरहेको देखियो । पालिकाले कोटेशनबाट निर्माण कार्य गराउँदा अधिकांश योजनामा बढीमा २% मात्र कम कबोल गरेको देखियो । यस्तो अवस्थाले कोटेशनबाट निर्माण कार्य गराउँदा प्रतिस्पर्धी रहेकोमा आश्वस्त हुन सकिएन ।
- स्रेस्तासाथ निर्माण कार्य पुर्वको अवस्था देखिने फोटो, निर्माण कार्य हुँदै गर्दाको फोटो, फाउन्डेसनको निर्माण कार्यको प्रत्येक आईटमको काम देखिने र निर्माण सकिएको अवस्थाको फोटो संलग्न गरी राख्नु पर्दछ ।
- पालिकाले रितपुर्वक भरेको सार्वजनिक परिक्षणको फारम, खर्च फरफारकको प्रतिवेदन स्रेस्ता साथ संलग्न गरी राख्नु पर्दछ ।
- उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा पालिकाले भ्याट लाग्ने निर्माण सामाग्रीको परिमाण, दर, भ्याट रकम र भुक्तानी रकम देखिने गरी तेहरिज तयार गर्नुपर्दछ ।
- उपाध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिले रितपुर्वक अनुगमन प्रतिवेदन जारी गर्नु पर्दछ । प्रतिवेदनमा उल्लेख गर्नुपर्ने सबै विवरण भरेर प्रतिवेदन स्रेस्तासाथ संलग्न गरी राख्नु पर्दछ ।

७६ **धरौटी कट्टाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) अनुसार सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा रिटेन्सन मनिबापत रनिङ्ग बिल वा अन्य बिल वा विजकमा उल्लेखीत रकमको ५% रकम कट्टा गरी राख्नु पर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति र कोटेशनबाट निर्माण कार्य गराउँदा धरौटी कट्टा गर्ने गरेको देखिएन । पुँजिगत प्रकृतीको सड्क निर्माण, नाला निर्माण, आर.सि.सि.भवन लगायतका निर्माण कार्यमा पालिकाले कोटेशन र उपभोक्ता समितिबाट निर्माण गराउँदा भुक्तानीमा धरौटी कट्टा गर्ने नगरेको देखियो । यस्ता निर्माण कार्यको भुक्तानीमा नियमानुसार धरौटी कट्टा नगर्दा निर्माण कार्यमा देखिने त्रुटी सच्याउन निर्माण व्यवसायी एवं उपभोक्ता समितिलाई जिम्मेबार बनाउन नसकिने र पालिकामाथी थप व्ययभार पर्ने देखिन्छ । तसर्थ पालिकाले कोटेशन र उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा धरौटी कट्टा गरी जोखिम न्युनिकरण गर्नु पर्दछ ।

७७ **पालिका प्रशासकिय भवन निर्माण:**

पालिकाको भवन निर्माणका लागि रु. १४,१०,५३,६८०।० (With VAT & PS & Contingency) र कन्टिन्जेन्सी बाहेक रु.११५७६७९६६।२५ (PS रु.९५१८९४।२३ समेत)को लागत अनुमान तयार गरेकोमा मिति २०८१।०८।१४ मा लागत अनुमान

गाँउपालिका अध्यक्ष स्वीकृत भएको छ। पालिका भवन निर्माणका लागि ठे.न.०१।०८१।०८२ अन्तर्गत मिति २०८१।०८।१६ मा ई.विड का लागि सूचना प्रकाशन गरेकोमा १२ वटा फर्मले आवेदन दर्ता गरेको देखिन्छ। सो मध्य प्राविधिक प्रस्तावबाट २ वटा मात्र बोलपत्र योग्य देखिएको भनि न्यूनतम कबोल गर्ने A.C/A.N.S/S.C. JV काठमाण्डौ सँग मिति २०८२।०३।०८ (22 June 2025) मा रु. ११०११९५३६।२७ (मु.अ.कर र पी.एस. समेत) को सम्झौता भएको छ। मिति २०८२।०३।०९ मा दिएको कार्यादेश अनुसार उक्त कार्य मिति २०८४।०३।०८ (२४ महिना) भित्र सम्पन्न गर्ने उल्लेख छ।यस आ.व.मा उक्त कार्यको प्रथम मोविलाईजेशन पेश्कि वापत गो.भौ.नं.६१मिति ०८२।०३।१५बाट रु.९००००००।००भुक्तानी गरिएको छ। उक्त निर्माण कार्यका सम्बन्धमा देखिएका व्यहोराहरु तपसिल बमोजिम छनः

७७.१ **लागत अनुमान स्वीकृत सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ मा लागत अनुमान स्वीकृती सम्बन्धी व्यवस्था छ। सो अनुसार रु.१० करोड रुपैंया माथि बीस करोड रुपैंया सम्मको लागत राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृती हुने व्यवस्था रहेको छ। स्थानीय तह गाँपालिकाको हकमा सो रकम बराबरको लागत अनुमान कसले स्वीकृत गर्ने भन्ने उल्लेख गरेको पाईदैन। स्थानीय तहका सम्वन्धमा स्पष्ट व्यवस्था नभएको जनाई गाँउपालिका अध्यक्षवाट वोलपत्र स्वीकृत भएकोमा कानुनी स्पष्टता हुनुपर्दछ ।

७७.२ **प्राविधिक मूल्याँङ्कन सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २६ मा निर्माण व्यवसायीको योग्यताको आधार सम्बन्धमा उल्लेख छ। सो नियमको उपनियम २(ग) मा सार्वजनिक निकायले उपनियम १ बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सिमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धाको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नुपर्ने भन्ने व्यवस्था छ। उक्त कार्यका लागि ई विड आह्वान भएकोमा १२ वटा फर्मले निवेदन दर्ता गरेको देखिन्छ। १२ मध्ये १० फर्म प्राविधिक मूल्याङ्कनमा अयोग्य भएको भनि २ वटा फर्म मात्र योग्य रहेको उल्लेख छ । प्राविधिक मूल्याङ्कन सम्बन्धमा देहायको व्यहोरा रहेको छ।

- सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमुना विड डकुमेन्टमा सार्वजनिक निकायले खरिद कार्यको बोलपत्र आह्वान गर्दा BID Qualification Criteria तोक्न सक्ने व्यवस्था छ। सो अनुसार पालिकाले तयार गरेको Qualification Criteria मा Construction Experience तोक्दा Contract of Similar Size and Nature मा at Least one government administrative building project with in the last ten years with a value of at least NRS.६१६०००००।०० that have been successfully or are substantially completed and that are similar to the proposed works based on RCC frame structure, tiles, marbles, interlocking blocks उल्लेख गरेको जनाई ८ वटा बोलपत्र प्राविधिक प्रस्तावबाट अयोग्य देखिएको व्यहोरा जनाएको छ।
- माथि उल्लेख गरिएको Criteria बाट योग्य भएका चार मध्य दुई फर्म अन्य कारणवाट (एक फर्म नविकरण नगरेको कारण र एक फर्म running contract पाँच भन्दा बढी भएको कारण) अयोग्य भएको छ।
- सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा २ र ३ बमोजिम बोलपत्रको पूर्णताको परीक्षण सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६० बमोजिम आन्तरिक परीक्षण विड डकुमेन्ट अनुसार ग्राह्यताको परीक्षण ३. बोलपत्रको प्राविधिक तथा व्यापारिक पक्षको मूल्याङ्कन नियममा उल्लेख भए अनुसारको परीक्षण गर्नुपर्नेमा सो अनुसार भएको प्रमाण पेश भएन।

निर्माण कार्य गर्दा नियममा उल्लेख भए अनुसारको प्रक्रिया पुरा गरि मितव्ययी र प्रतिस्प्रर्धि तवरले खरिद कार्य गर्नु पर्दछ।

७८ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

७८.१ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरणः** शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख

अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ एकिन गर्ने (दफा १३) र स्थानीय तहले जिल्ला शिक्षा समन्वय इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (दफा१२) व्यवस्था छ।पालिकाले काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नयाँ नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा भएको खर्च वास्तविक हो भनी एकिन हुन सकिएन।पालिकाले यस आ.ब.मा प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन, आधारभूत तह र माध्यमिक तह गरी प्रथम त्रैमासिकमा निकासा रु. १४५०८ हजार दोस्रो त्रैमासिकमा रु.११३२० हजार, तेस्रो त्रैमासिकमा रु.१२०७ हजार र चौथो त्रैमासिकमा रु.११२४२ गरी जम्मा रु.४९०९८ हजार भुक्तानी दिएको छ।शिक्षकहरुको तलब भत्ता निकासा गर्दा व्यवस्थित अभिलेख तथा कागजातहरु राखेको देखिदैन।अतः शिक्षकहरुको अभिलेख तथा भुक्तानी व्यवस्थित बनाउनुपर्दछ।

७८.२ **निशुल्क पाठ्यपुस्तकः**कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को कृयाकलाप नं.२.४.६.१ अनुसार सत्यापन गराएर मात्र निशुल्क पाठ्यपुस्तक दुइ पटकमा वितरण गर्नुपर्ने व्यवस्था छ।विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।पालिका अन्तर्गतका १५ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. २७७० हजार निकासा गरेको पाइयो।विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन र सत्यापन नगरी पुन विद्यालयको माग फारामको आधारमा निकासा भएको र हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सही सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। अतःविद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

७८.३ **दिवा खाजा सम्वन्धमाः** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं.२.७.११.१ मा आवासीय दिवा खाजाको व्यवस्था छ।दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ को अनुसूचि ७ बमोजिम विद्यालयले चौमासिक विवरणका आधारमा तथ्याङ्क भरेर माग गर्नुपर्ने व्यवस्था छ।दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहमा एक उपसमिति गठन गर्नुपर्ने, अभिभावक आमा समूह गठन गर्नुपर्ने, स्थानीय तहले उपस्थित विद्यार्थी संख्याअनुसार खाजा आपूर्ती भए नभएको अनुगमन तथा मूल्याकंन गर्नुपर्ने,जङ्क फुड खुवाउन नहुने र दोस्रो त्रैमासिक देखि निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र निकासा गर्नु पर्दछ।पालिकाले दिवा खाजा संचालन भएका विद्यालयहरुमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ अनुसार समिति समूह गठन र भूमिका नदेखिएको, EMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन नगरिएको, हाजिरी प्रतिलिपि संकलन भएपनि विद्यालयको माग पत्रलाई अन्तिम मानिएको हुदाँ उपस्थित विद्यार्थी संख्या वास्तविक हो भनी एकिन गर्न सकिएन।यस बर्ष सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका १५ वटा विद्यालयको खातामा रु.६१ लाख ८८ हजार निकासा खर्च लेखेको छ।अतःविद्यार्थीले स्वस्थ प्रकारको दिवा खाजा पाए नपाएको सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

७८.४ **बुक कर्नर अनुदानः** (१-१२ कक्षा) (८२,८४- ०८२।०२।२०) शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदानका लागी इसिडी कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१०, सम्मका प्रति विद्यार्थी वार्षिक क्रमश रु ५००,रु १५०, रु २००, २०० का दरले विद्यालयको खातामा निकासा गर्ने र विद्यालयले उक्त रकम शिक्षण सिकाई सामाग्रीमा खर्च गरेको नगरेको स्थानीय तहले अनुगमन गर्ने व्यवस्था रहेको छ।लेखापरीक्षणका क्रममा पालिकाले पेश गरेको कागजात

अनुसार जनता मा.वि.डहरियालाई रु.९३२४००।०० बढी निकासा भएको देखिन्छ।अतःबढी निकासा भएको छैन भन्ने आधार प्रमाण पेश गर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

सि.न.	विद्यालयको नाम	निकासा हुनुपर्ने	निकासा भएको	बढी निकासा
१	श्री जनता मा.वि. डहरिया	१०७५००	१०३९९००	९३२४००

प्रमाण पेश नगरेको	९,३२,४००

७८.५ **छात्रवृत्ति अनुदानः** कार्यक्रम कार्यान्बयन कार्यविधि आ.ब.२०८१।०८२ को क्रियाकलाप.नं ७.२.१.१ मा गैरआवासीय छात्रवृतिको व्यवस्था छ।जसमा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यार्थी संख्या एकिन गरेर छात्रा र दलितलाई रु. ४०० का दरले छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ।यस वर्ष शिक्षा शाखाले गैरआवासिय छात्रवृत्तिमा रु.७९०७००।० निकासा गरेको देखियो।तर शिक्षा अधिकृतले प्रत्येक विद्यालयमा विद्यार्थीको सत्यापन नगरी इमिसकै आधारमा छात्रवृत्ति वितरण गरेको देखिएकोले पालिकाले अनुगमन र सत्यापन गरी कार्यविधिको पालना गर्नुपर्दछ।परीक्षणका क्रममा पेश भएको विद्यालयगत तेरिज, विद्यार्थीले छात्रवृत्ति रकम बुझेको भरपाई लगायतका कागजातहरुको नमुना परीक्षण गर्दा देहायका विद्यालयहरुमा बढी छात्रवृत्ति रकम निकासा भएको देखिएकाले उक्त बढी निकासा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	इमिस अनुसारका वि.स.	तेरिज अनुसार	बढी विद्यार्थी	दर	बढी निकासा
आ.वि.हरकट्टी	१२७	१३२	५	४००	२०००
आ.बि.इटाटार तनुवाकट्टी	१७२	१८०	८	४००	३२००
आ.वि.जमुवा	९८	१०४	६	४००	२४००
जनता आ.वि.कुण्डलपुर	४८	६३	१५	४००	६०००
राजदेवी आ.वि.खजनापुर	६४	६७	३	४००	१२००
शारदा आ.वि.इटाटार कमलपुर	१२१	१२३	२	४००	८००
जम्मा	६३०	६६९	३९	४००	१५६००

असुल गर्नुपर्ने	१५,६००

७८.६ **स्वयम सेवक शिक्षकः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका जनता आ वि पिपरालाई शिक्षक व्यवस्थापन अनुदान रु. ३०००००।०० भुक्तानी दिएको छ। सशर्त अनुदानबाट शिक्षकको तलब भत्ता व्यवस्था भएकोमा संघिय सरकार राजस्व बाँडफाँडबाट खर्च लेखेको मनासिव देखिदैन। पालिकाले यसरी अनुदान दिंदा उक्त रकम के कसरी खर्च भएको हो सोको आधार एवं पुष्ट्याई पेश गरेको देखिएन। खर्चको आधार एवं पुष्ट्याई पेश गर्नुपर्दछ।

७९ **स्वास्थ्यतर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

७९.१ **स्वास्थ्य कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवी प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था

छ। त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ।यस पालिका अर्न्तगत स्वास्थ्यतर्फ कार्यरत कर्मचारीका लागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु.२३३६६ हजार (सशर्ततर्फ) भुक्तानी दिएको छ।तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेको, विवरण अद्यावद्यिक नगरेको देखिएको हुँदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन।निजामती सेवा ऐन, २०४९ वमोजिम दरबन्दीअनुसार कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकामा जम्मा ४२ जना दरबन्दी रहेकोमा स्थायी तर्फ ३० जना र करार तर्फ ४ जना कार्यरत रहेको पाइयो। कार्यालयले आधारभूत स्वास्थ्य सेवा केन्द्रको दरबन्दी यकिन गरी ऐन बमोजिम स्वीकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनुपर्दछ। दरबन्दी एकिन विना करारलाई तलव भत्ता भुक्तानी दिने,तलवि प्रतिवेदन पास नगरी ग्रेड भिडान विना तलव भत्ता भुक्तानी दिने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

७९.२ **राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमः** गो.भौ. १६९ १९९ स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन २०८१।०८२ को नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत राष्ट्रिय महिला स्वास्थ्य स्वंयसेविकाहरुको लागि यातायात खर्चमा वार्षिक रु.१२०००।०० र पोशाक प्रोत्साहनमा रु. १००००।० दिनुपर्ने व्यवस्था छ। उक्त अनुदान खर्च गर्दा स्वास्थ्य संस्था प्रमुखले प्रत्येक महिना प्रतिवेदन बुझाउन आँउदा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि निरन्तर क्षमता अभिवृद्धि सामाग्रीको कुनै एक मोड्यूलमा छलफल गरेको हुनुपर्नेछ र त्यसपछि महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाले आमा समूहको बैठकमा सो छलफल गरेको बैठकको माइन्यूटिङ्ग वा अभिलेखमा प्रमाणित गरेपछि मात्र यातायात खर्च वितरण गर्नुपर्ने,र सोको प्रतिवेदन सम्बन्धित महाशाखामा पठाउनुपर्ने व्यवस्था छ।यस वर्ष पालिकाले उक्त यातायात खर्चमा २ किस्तामा रु.८६३०००।०० निकासा गरेको देखिन्छ।परीक्षणका क्रममा स्वंयसेविकाहरुले क्षमता अभिवृद्धि सामाग्रीको कुनै एक मोडयुलमा छलफल नगरेको,आमा समूहको बैठकको माइन्यूटिङ्ग अभिलेख प्रमाणित नगरेको, प्रत्येक महिनाको प्रतिवेदन संलग्न गरेको देखिएन।साथै,स्वास्थ्य शाखाले उक्त प्रतिवेदन नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाको nationalfchvprogram2045@gmail.com इमेलमा हालसम्म पनि उपलब्ध गराएको नपाइएकोले नियमाअनुसार कार्यविधिको पालना गर्नुपर्दछ।

७९.३ **मृगौला तथा क्यान्सर रोगीलाई अनुदानः** गो.भौ.४६ जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम २६(१) बमोजिम डाइलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ को परिच्छेद ३ को दफा १० बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालयको वेभसाईटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले २ किस्तामा पालिकाबाट १४ जनाले रु.४१००००।० र पालिकाबाट रु.४०००००।०० गरी जम्मा रु.८१००००।० निकासा गरेको छ। तर पालिकाले लाभग्राहीहरुको नाम आफ्नो वेभसाइटमा सार्वजनिक गरेको देखिएन। अतः पालिकाले मौजुदा कार्यविधिले तोकेको नियमको पालना गर्नुपर्दछ।

७९.४ **एच.पि.भी.खोप अभियानः** भौ.८३,८४,८५,११६ कल्याण कार्यक्रम अन्तर्गत एच.पी.भी.खोप अभियान निर्देशिकामा स्वास्थ्यकर्मीको तालिम, महिला स्वास्थ्यस्वयंमसेविका/ स्वयंसेवक को अभिमुखीकरण, विद्यालय शिक्षक को वैठक र पालिका तथा वडा खोप समन्वय समितिको वैठक गरी कक्षा ६ देखि १० सम्मका छात्राहरुलाई पाठेघरमा हुने सम्भावित क्यान्सरको खोप लगाउने व्यवस्था छ। पालिकाले यस आ.ब.मा देहायका स्वास्थ्य चौकी अन्तर्गत रहेका विद्यालयहरुमा शिविर संञ्चालन गरी खोप सेवा दिएको विवरण यसप्रकार छ।

स्वास्थ्य संस्थाको नाम	कक्षा ६ को छात्रा	विद्यालय नजाने १० वर्षको किशोरी	जम्मा प्रगति संख्या	कक्षा ७ देखि १० कक्षाको छात्रा	विद्यालय नजाने ११ देखि १४ वर्षका किशोरी	जम्मा
स्वास्थ्य चौकी हरकट्टी	३५	११	४६	१०८	१११	२१९
स्वास्थ्य चौकी तुलसीपुर	१०	३	१३	३५	३१	६६
स्वास्थ्य चौकी पिपरा प्र.पी.	६४	११	७५	५९	९९	१५८
स्वास्थ्य चौकी ईटाटार	२६	६	३२	२७	६१	१०९
औरही अस्पताल	९३	२०	११३	३०८	८४	३९२
जम्मा	२२८	५१	२७९	५३७	३८६	९२३

७९.५ **रित पूर्वकको विजक नदेखिएकोः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।रित पूर्वकको सिलसिलेवार कर वीजकमा हातले विजक नम्बर लेखेको विलबाट परामर्श सेवा खरिद गरेको छ । तसर्थ उक्त प्रा.लि.को रितपूर्वकको कर बिजक तथा सो विजकको विक्रीमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
१७३	सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि.	६०६५५६९१४	विजक नं हातले लेखेको	४९४००७.७५	५६८३२.७५

प्रमाण पेश नगरेको	५६,८३२.७५

७९.६ **पूर्ण खोप घोषणा कार्यक्रमः** पूर्ण खोप सुनिश्चितता निर्देशिका अनुसार १६ महिना देखि २३ महिना सम्म उमेरको बालबालिकाहरुमा खोप अवस्थाको पहिचान र विश्लेषण गरिएको छ।पूर्ण खोप सुनिश्चितताका लागि पालिकाका स्वास्थ्यकर्मीहरु र वडाका स्वास्थ्य कर्मचारीहरु सहितले घरधुरी सर्वेक्षण गर्नुपर्ने,वडा अध्यक्षको संयोजकत्वमा वडा वाईज पूर्ण खोप सुनिश्चितता गर्नुपर्ने, पालिकाले समेत प्रत्येक वडाहरु पूर्ण खोप भएको घोषणा गर्नुपर्ने प्रावधान बमोजिमका कार्यहरु सम्पन्न गरी यस पालिकामा रहेका ५ वटा स्वास्थ्य संस्था रहेका ५ वटै वडाहरुमा पूर्ण खोप सर्वेक्षणमा तपसिल बमोजिमको तथ्याङ्क देखियो।

(विस्तृत विवरण बेरुजु दफा ७९.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७९.७ **आमा सुरक्षा कार्यक्रमः** स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन २०८१।०८२ को आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी गराउने महिलालाई यातायात खर्च रु. १००० का दरले, स्वास्थ्य संस्थालाई अनुदान रु. २५०० का दरले र,निःशुल्क गर्भपतन तथा गर्भवती उत्प्रेरणामा रु.८०० का उपलब्ध गराउने लगायतका सेवाहरु दिने व्यवस्था छ।यस पालिका अन्तर्गत एक वटा बर्थिङ्ग सेन्टर रहेको पाईयो।उक्त बर्थिङ्ग सेन्टरमा भएको प्रसुति सेवाहरुको विवरण यस प्रकार छ।

प्रसुति सेवाको विवरण	सेवाग्राहीको संख्या	सेवाग्राहीले पाउने यातायात खर्चको दर	स्वास्थ्य संस्थाले पाउने रकमको दर	सेवाग्राहीले पाएको रकम	स्वास्थ्य संस्थाले पाउने रकमम	कुल जम्मा रकम
सामान्य प्रसुति सेवा	१८९	१०००	२५००	१८९०००	४७२५००	६६१५००
जटिल प्रसुति सेवा	०	०	०	०	०	०
गर्भवती उत्प्रेरणा	९२	८००	०	७३६००	०	७३६००
गर्भपतन सेवा	०	०	०	०	०	०
जम्मा	२८१	१८००	२५००	२६२६००	४७२५००	७३५१००

८० **कृषि तथा पशु सेवा कार्यक्रमः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

८०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले कृषि तथा पशुतर्फ निम्न अनुसारका अनुदान वितरण गर्दा कार्यविधि नबानाई अनुदान वितरण गरेको देखियो। यसरी कार्यविधि बेगर अनुदान वितरण गर्दा अनुदान वितरणमा एकरुपता कायम नहुने तथा निश्चित व्यक्तिले लाभ लिनसक्ने र असम्बन्धित व्यक्तिले समेत लाभ लिनसक्ने हुँदा पालिकाले सो सम्बन्धि कार्यविधि बनाई अनुदान वितरणलाई व्यवस्थित तुल्याउनु पर्दछ। यस सम्बन्धमा देखिएका थप वेहोरा निम्न अनुसारका छन्ः

गो.भौ. नं. मिति	विवरण	भुक्तानी लिने नाम	भुक्तानी रकम
१२८।१०।६	वडा नं. ५ मा गहुँको विउँ वितरण १०८० केजी(५० प्रतिशत अनुदानमा) पालिकाको राजस्व खातामा जम्मा गरेको	सगरमाथा एग्रो भेट	९१५००
१७३।११।०९	वडा नं. ३ मा गहुँको विउँ वितरण १०८० केजी(५० प्रतिशत अनुदानमा) ४५२ जनालाई	सगरमाथा एग्रो भेट	३९४७४०
३।०३।१६	पशु पन्छिका लागि औषधि खरिद	विशाल भेटिरेनेरि औषधि पसद	७०००००
२।१२।०८	विभिन्न ६ प्रकारका तरकारीको मिनी किट ११८८ जना कृषकलाई पालिका भरी वितरण निशुल्क	सरस्वति खाद्य विज भण्डार लहान	२७०८१०
३।१२।२१	विभिन्न ६ प्रकारका विषादिहरु १९८ जना कृषकलाई पालिका भरी वितरण निशुल्क बाँकी मौज्दात रहेको	चन्दन एग्रो भेट	३२१४००
७।३।१८	धानको विउ वितरण २८५० के जी	चन्दन एग्रो भेट	२०००२५
१५१।१०।२५	१५१ जना कृषकको विल भुक्तानी	नेपाल विद्युत प्राधिकरण	७५००५
१५१।१०।२५	७९७ जनाको कृषकको विल भुक्तानी	नेपाल विद्युत प्राधिकरण	६११८६१
३८७।३।१८	८३३ जनाको कृषकको विल भुक्तानी	नेपाल विद्युत प्राधिकरण	५९८०३८
२९०।०२।०९	८३३ जनाको कृषकको विल भुक्तानी	नेपाल विद्युत प्राधिकरण	९५००००
	जम्मा		४२१३३७९

- सबैको पहुँच स्थापित हुनेगरी सूचना प्रकाशन तथा कृषक छनौट पारदर्शि रुपले भएको देखिएन,
- पालिकाले अनुदान उपलब्ध गराएका क्षेत्र तथा कृषकहरुको अनुगमन गरी लागत, लाभ एवं उपलब्धिहरु तथा अनुदानको उपयोग सम्बन्धि प्रतिवेदन पेश गरेको देखिएन,
- अनुदान वितरण गर्दा खनुदान रकम, अनुदानको प्रकार तथा कृषकहरुको नाम नम्बर, अनुदान वितरण गरिएको संख्या स्पष्ट देखिनेगरी पालिकामा अभिलेख व्यवस्थापन गरेको नदेखिएकोले एउटै कृषकले पटक पटक लाभ लिने सम्भवना देखिन्छ।
- वडा कार्यालयले अनुदान वितरण गर्दा पालिकासंग समन्वय नगर्दा एउटै लाभग्रीले पालिका र वडा कार्यालयबाट समेत लाभान्वित हुने अवस्था भएकोले पालिकाले योजना छनौट गर्दा दोहोरो नहुने गरी एकिकृत रुपमा योजनाको छनौट गर्नुपर्ने देखिन्छ।
- अनुदान वितरणका लागि खरिद भएका विउँ विजन लगायत अन्य कृषिजन्य सामाग्रीहरु १० लाख भन्दा माथि खरिद प्रकृया अपनाई प्रतिस्पर्धि एवं मितव्ययी रुपमा खरिद गर्नुपर्दछ। साथै खरिद पश्चातको परिक्षण गर्नुपर्ने देखिन्छ।
- कृषि मिटरको विल पेश नभई नेपाल विद्युत प्रधिकरणले पेश गरेको कृषकको विवरण(रकम समेत) को आधारमा भुक्तानी दसएकोले विल समेत पेश गर्नुपर्दछ।

८०.२ **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा

अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन र कार्ययोजना अनुरुप व्यवसाय सञ्चालन गरे नगरेको सम्बन्धमा आश्वस्तता हुन सकिने आधार देखिएन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।यस वर्ष पालिकाले खाद्यान्न वालीको उन्नत बीउ उपयोग गर्न गँहु अनुदान कार्यक्रममा १ देखि ५ वटै वडाका ८६२ कृषकहरुलाई गो भौ नं २३ मिति २०८१।८।६ बाट निम्नानुसार गँहु वितरण गर्दा अनुदान नितिको पालना नगरेको, अनुदान लक्षित वर्गसम्म पुगे नपुगेको र वितरण गरेको अनुदानको समय समयमा अनुगमन समेत गरेको देखिएन।पालिकाले उल्लेखित कमजोरी सुधार गर्नुपर्दछ।

विवरण	परिणाम	दर	रकम
उन्नत जातको NL गँहु	४० केजीको ११२ थान बोरा	८५ प्रति केजी	३८०८००
उन्नत जातको BIJAY गँहु	४० केजीको १८७ थान बोरा		६३५८००
जम्मा			१०१६६००

८०.३ गो भौ नं ४१ मिति २०८१।१०।६ मा खाद्यान्न बालीको उन्नत गँहु वीउ उपयोग अनुदानमा ढुवानी खर्च वापत रु ३५,८८०/- र बैठक भत्ता वापत रु २०,०००/- भुक्तानी भएकोमा बैठक भत्ताको विल भरपाई संलग्न रहेको नदेखिएकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२०,०००

८०.४ **संघिय सञ्चितकोष फिर्ता गर्नुपर्नेः** प्रदेश तथा स्थानिय तहमा सशर्त बित्तिय हस्तान्तरण भएका कृषि बिकास कार्यक्रम सन्चालन सम्बन्धि कार्यबिधि,२०७८ को दफा ५ मा अनुदान रकमको सीमा र प्रतिशत उल्लेख भएको, बाली विकास तथा कृषी जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया २०७७ मा उन्नत जातको कृषी वीउ उपलब्ध गराउन खरिद तथा वितरण गर्दा निजि तथा समुहलाई लागत अनुमानको अधिकतम ५०-५०% सम्म अनुदान उपलब्ध गराउने ब्यबस्था देखिन्छ ।पालिकाले ८६२ अनुदानग्राहीलाई खाधन्न वालीको वीउ उपयोग अनुदान कार्यक्रममा प्रति केजी ८५ को दरले ११,९६० केजी गँहु वीउ खरिद गर्दा रु १०,१६,६००/- खर्च गरेको मध्ये कृषकबाट उठाएको ५० प्रतिशत अनुदान रकम पालिकाकै सञ्चितकोषमा राखि सशर्त कार्यक्रमबाटै खर्च लेखेकोले संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	५,०८,३००

८१ **राजस्वतर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

८१.१ **पोखरी तथा हटिया बजार व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो वित्तिय अधिकार क्षेत्रमा व्यापार व्यवसाय गरी कानुन बमोजिम कर उठाउने व्यवस्था छ।यस वर्ष पालिकाले ४ वटा पोखरीहरु ठेक्का लगाएको देखिन्छ। सो आय ठेक्कामा सम्झौताको बुँदा नं ७ मा उल्लेख भए बमोजिम एकमुष्ट रकम बुझाएमा कबूल अंकको १० प्रतिशत रकम छुट दिने व्यवस्था अनुरुप पोखरी ठेक्काबाट रु.१९३०५००।० आम्दानी गरेको छ।मुख्य आन्तरिक स्रोतको रुपमा रहेको पोखरीहरु के कति वटा छन लगत राखेको देखिएन।साथै वडा नं.३, र ४ मा औरही हटिया,गणेशपुर तथा कड्हर्वा हटियाहरु रहेका छन।उक्त हटिया बजार ठेक्काको लागि पटक पटक सूचना प्रकाशन गरेतापनि ठेक्का लाग्न सकेको देखिएन।लेखापरीक्षणको क्रममा पेश भएका आन्तरिक आय सम्बन्धी कागजातहरुको विश्लेषण गर्दा आन्तरिक आय अत्यन्त न्यून देखिन्छ।मौजुदा पोखरीहरुको एकिन तथ्याङ्क अद्यावधिक नभएको र सोको खोजीकार्यको लागि पालिकाबाट प्रयास भएको देखिएन।हटिया तथा बजार ठेक्काहरुको उचित व्यवस्थापन नगरेकोले आयका प्रमुख स्रोतहरुबाट प्राप्त हुने राजस्व गुमाएको देखिन्छ।सुत्र अभिलेख अनुसार यस वर्षको आन्तरिक राजस्व रु.१११७४१८।००

(रजिष्ट्रेसन दस्तुर समेत) छ जुन केन्द्रिय अनुदानको तुलनामा ७.२३ प्रतिशत मात्र हुन्छ।यसबाट पालिकाले आफूले सिर्जना गरेको आयमा भन्दा बढी केन्द्रिय अनुदानमा नै निर्भर रहेको तथ्याङ्कबाट प्रष्ट हुन्छ।अतःपालिकाले आफ्ना क्षेत्राधिकार भित्रका वित्तिय स्रोतहरुको यथोचित परिचालन गरी आन्तरिक राजस्व सिर्जना गर्नुपर्दछ।

८१.२ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ।यस आ.ब.मा पालिकाले आफ्नो वित्तिय क्षेत्राधिकार अन्तर्गत रहेका ४ पोखरीको आय ठेक्का बापत रु.२१४५०००।० राजस्व संकलन गरेको छ। उक्त आयमा नियमानुसार मूल्य अभिवृद्धि असुल गरेको पाईएन ।तसर्थ तपसिलका आय ठेक्कामा मूल्य अभिवृद्धि कर (१३%) रु.२७८८५०।० असुल नगरेकोले असूल गर्नुपर्ने रु.

सि.न.	पोखरीको नाम	ठेगाना	ठेक्का लिने व्यक्तिको नाम	ठेक्का कबोल रकम	मू.अ.कर
१	ब्राह्मण टोल पोखरी	औरही ५	महेन्द्र महतो	६८००००	८८४००
२	दुखी राई वाला पोखरी	औरही ५	रविन्द्र मुखिया	२५००००	३२५००
३	महासेठ पोखरी	औरही ५	रविन्द्र मुखिया	३५००००	४५५००
४	पक्का पोखरी	औरही ५	राम पृत यादव	८६५०००	११२४५०
	जम्मा			२१४५०००	२७८८५०

असुल गर्नुपर्ने	२,७८,८५०

८२ **धरौटी तर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

८२.१ **कर चुक्ता प्रमाणपत्र र मू.अ.कर समायोजन बेगर धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२४ को उपनियम २ मा आपूर्तिकर्ता वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिनुपर्ने र सो सम्बन्धमा आन्तरिक राजस्व कार्यालयको च.न.३३, मिति २०७१।०७।१४ परिपत्र अनुसार कार्यालयले कार्यसम्पन्न पश्चात मात्र संस्थाको धरौटी फिर्ता गर्दा सम्बन्धित संस्थाले सो कारोबार रकम बराबरको मूल्य समायोजन पेश गरे पछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा परीक्षण गर्दा देहायका आपूर्तिकर्ता/फर्महरुको धरौटी फिर्ता गर्दा कैफियतमा खुलाए बमोजिम केहीको भौचर पेश भएको छैन भने केहीको करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजनको पत्र वेगर धरौटी फिर्ता गरेको देखिन आएकोले सोको प्रमाण पेश गर्नु पर्ने रु.

गो.भौ.	मिति	धरौटी जम्मा गर्ने	धरौटी फिर्ता	कैफियत
३०	२०८१।११।२५	आर. एन्.एम्. ग्रुप प्रा.लि.	९६५००	मू.अ.कर समायोजन र करचुक्ता नभएको
३०	२०८१।११।२५	एच.एस.के.कन्स्ट्रक्सन एण्ड सप्लायर्स	३५०००	मू.अ.कर समायोजन र करचुक्ता नभएको
		करुणाकर कन्सट्रक्सन	४९०००	भौचर पेश नभएको
		डिम्पल कन्स्ट्रक्सन	९८०००	भौचर पेश नभएको
५	२०८१।०९।२९	प्रयुष कन्सट्रक्सन	६१०००	मू.अ.कर समायोजन नभएको
		एच. एन. सप्लायर्स एण्ड ट्रेडर्स	५००००	भौचर पेश नभएको
		करुणाकार कन्स्ट्रक्सन	४९०००	भौचर पेश नभएको
३७	२०८२।०३।०३	मेघा इन्फोसिस	८५०००	मू.अ.कर समायोजन र करचुक्ता नभएको
		युनाईटेड रिसोर्स कम्पनि एण्ड कन्सल्टेन्सी प्रा.लि.	४८०००	भौचर पेश नभएको
		जम्मा	५७१५००	

प्रमाण पेश नगरेको	५,७१,५००

८२.२ **धरौटीको मौज्दात बैंक खाता अनुसार भिडान नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(२) मा कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक बर्षमा बाँकी रहेको धरौटी अर्को आर्थिक बर्षको लागि जिम्मेवारी सार्नुपर्ने, त्यसरी जिम्मेवारी सार्दा प्रत्येक बर्ष धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी कुन काम बापत धरौटी जम्मा हुन आएको हो सो व्यहोरा समेत खुलाई जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ। मिति २०८१।०३।३१ मा प्राप्त एन एम.बि.बैक लि.को धरौटी खाता स्टेटमेन्ट अनुसार रु.५६५५५६५।६६ मौज्दात देखिन्छ ।तर आर्थिक विवरणमा रु.१७३५३५१।०० मौज्दात सारेको छ। धरौटीकोघटी मौज्दात सारेको रु.३९२०२१४।६६ कुन कुन व्यक्ति,फर्म वा कम्पनीको कुन कुन काम बापत धरौटी राखेको हो सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

८३ **सामाजिक सुरक्षा तर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

८३.१ **श्रेस्ता लगत खडा गर्नुपर्नेः** यस वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु ११०३६३१९९ खर्च भएको एकल कोष खाता मार्फत देखिन्छ।यस वर्ष वितरण भएको खर्च र श्रेस्ता आगजनीको कारण जलेको भन्ने पालिकाको भनाई रहेकोले संक्षिप्त विधिबाट खर्च भिडान मात्रै गरेकोले कार्यविधि अनुरुप लक्षित लाभग्राहीले भत्ता रकम प्राप्त गरे नगरेको यकिन गर्न सकिएन।सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको श्रेस्ता लगत खडा गरि अध्यावधिक गर्न पालिकाले प्राथमिकताको साथ ध्यान दिनुपर्दछ।

८३.२ **पारदर्शिता कायम गर्नुपर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् ।सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

८३.३ **निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को

विवरण) सम्बन्धित स्थानिय तहलाई दिनुपर्ने व्यवस्था छ ।लेखापरिक्षण अवधिभर सो सम्बन्धित विवरण माग गर्दा पन्जीकरण शाखाको सम्पुर्ण श्रेस्ता आगजनी भएको भन्ने भनाईको कारणले मृत्यु दर्ता भएका लाभग्राहीको पुन पहिचान गरि बैंकसँग निस्कृय खाताको विवरण माग गर्ने र संकलन गरिने जवाफ प्राप्त भएको छ। तसर्थ पालिकाले निष्कृय खाताको विवरण लिई बाँकी रकम फर्ता गर्नुपर्दछ।

८३.४ **अनुगमन तथा निरीक्षण सम्बन्धि व्यवस्थाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) नगरपालिका प्रमुखले वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि पालिकामा यस प्रकारको अनुगमन तथा निरीक्षण गरीएको अभिलेख देखिएन ।कार्यविधिले गरेको व्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको नियमित अनुगमन तथा निरीक्षण गरिनु पर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : औरही गाउँपालिका, सिराहा , औरही गाउँपालिका , सिराहा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	उदित्य कुमार कर्ण	२०८१-६-११	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	सर्वजीत कुमार झा	२०८१-१-३	२०८१-५-२
लेखा प्रमुख	देबेन्द्र यादव	२०८०-११-७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,७५४,३४३	९,०१९,६३०	२३,७८८,४३७.४७	०	०	१९,११७,४००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५३,६७९,८१०.४७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५३,६७९,८१०.४७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९५०२०१४१.४७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८७१७४१६०	चालु खर्च	२२७११६२१२.७३
प्रदेश सरकारबाट अनुदान	१७३८३०००	पूँजीगत खर्च	१७४१६०४३८
राजश्व बाँडफाँट	७२९३२८८२.६८	वित्तीय/अन्य व्यवस्था	१२४४८९७३८
आन्तरिक आय	१०२६९५०३.२		
अन्य आय	१२०६००७०५.७९		
कुल आय	५०८३६०२५१.६७	कुल खर्च	५२५७६६३८८.७३
बाँकी मौज्दात		७७६१४००४.४१	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

यस गाउँपालिकाले पेश गरेको एकिकृत आय व्ययको विवरण निम्न अनुसार छन्ः

औरही गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आर्थिक बर्ष २०८१/०८२

आय व्यय विवरण

सि.नं.	आयतर्फ विवरण	रकम		सि.नं.	व्ययतर्फ विवरण	रकम	रकम
							२२७११६२१२|७३
१	गत वर्षको जिम्मेवारी	०|००	०|००	१	चालु खर्च		
	क) नगद	०|००	०|००	१.१	राजस्व बाँडफाँड/आन्तरिक श्रोत चालु खर्च	१११५१२७६७|२०	
	ख) बैंक (सवै खाताको)	९५०२०१४१|४७	९५०२०१४१|४७	१.२	सर्शत अनुदान चालु खर्च	१०३५७८२९९|२०	
२	राजस्व (आन्तरिक आय)	०|००	८३२०२३८५|८८	१.३	एकिकृत शिक्षा चालु	९०८९०६१|३३	
	क) आन्तरिक राजस्व	१०२६९५०३|२०		१.४	एकिकृत स्वास्थ्य चालु	१२२४२५०|००	
	ख) राजस्व बाँडफाँड (संघ)	६९५९५६१५|४१		१.५	एकिकृत कृषि चालु	९०४६१०|००	
	ग) राजस्व बाँडफाँड)प्रदेश)	३३३७२६७|२७		१.६	एकिकृत पशु सेवा चालु	७०००००|००	
	घ) अन्य आय	०|००		१.७	एकिकृत रोजगार शाखा चालु	१०७२२५|००	
३	वित्तीय हस्तान्तरण	०|००		२	अन्य अनुदान चालु खर्च	०|००	११०३६३१९९|००
	क)वित्तीय समानीकरण अनुदान	८४०५२१६०|००	८४०५२१६०|००	२.१	सामाजिक सुरक्षा कार्यकम अनुदान	११०३६३१९९|००	
	ख) सशर्त अनुदान	१५८६२२०००|००	१५८६२२०००|००	२.२	बेटी बच्चाउ बेटी पढाउ	०|००	
	ग) समपूरक अनुदान	१२००००००|००	१२००००००|००	२.३	यूनिसेफ शिक्षा	०|००	
	घ) विशेष अनुदान	३२५०००००|००	३२५०००००|००	२.४	स्वास्थ्य क्षेत्र सुधार कार्यकम-चालु	०|००	
	ङ) अर्थ बजेट(औषधी उपचार तथा संचित विदा)	०|००	०|००	२.५	समाज कल्याण कार्यकम	०|००	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	०|००	१७३८३०००|००	२.६	अर्थ वजेट(औषधी उपचार तथा संचित विदा)	०|००	
	क)वित्तीय समानीकरण अनुदान	६३८३०००|००		३	पूंजीगत खर्च		१७४१६०४३८|००
	ख) सशर्त अनुदान	८००००००|००		३.१	वितिय समानिकरण पूँजिगत खर्च	१११२१६८९५|००	
	ग) समपूरक अनुदान	०|००		३.२	सर्शत अनुदान पूजिगत खर्च	१९२५२३५६|००	
	घ) विशेष अनुदान	३००००००|००		३.३	समपुरक अनुदान पूजिगत खर्च	१२००००००|००	
५	अन्तर स्थानीय तहबाट प्राप्त	०|००	०|००	३.४	विशेष अनुदान पूजिगत खर्च	३११९८७८४|००	
६	वित्तीय व्यवस्था प्राप्ति	०|००	०|००	३.५	रोजगार पूजिगत खर्च	४९२४०३|००	
	क) ऋण प्राप्ति	०|००		३.६	स्वास्थ्य पूजिगत खर्च	०|००	
	ख) साँवा प्राप्ति	०|००		४	अन्य अनुदान पूँजिगत खर्च		१०६८४०५८|००
	ग) ब्याज प्राप्ति	०|००		४.१	प्रदेश सरकार	१०६८४०५८|००	
	घ) अन्य प्राप्ति	०|००		४.२	सडक बोर्ड नेपाल	०|००	
७	विभिन्न कोषतर्फको आय		२५००००००|००	४.३	निवृतभरण, उपदान	०|००	
७.१	मर्मत सम्भार कोष खाता	०|००		४.४	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम-पूँजिगत	०|००	
७.२	कर्मचारी कल्याण कोष	०|००		५	वित्तीय व्यवस्था भुक्तानी		०|००
७.३	वातावरण कोष खाता	०|००		५.१	क) ऋण भुक्तानी	०|००	
७.४	दैवि प्रकोप कोष खाता(पजिगत खर्च खाता)	०|००		५.२	ख) ब्याज भुक्तानी	०|००	

प्रमुख प्रशासकीय अधिकृत

७.५	दैवि प्रकोप कोष खाता	२५०००००।००		५.३	ग) अन्य भुक्तानी (बैंक कमिशन)	०।००	०।००
८	जनसहभागिता (नगद)	०।००	०।००	६	लगानी		
९	विषयगत निकायबाट प्राप्त रकम	०।००	०।००	६.१	ऋण लगानी	०।००	
१०	धरौटी आय	१७७३६९१३।००	१७७३६९१३।००	६.२	शेयर लगानी	०।००	
११	लगानीको साँवा फिर्ता	०।००	०।००	६.३	अन्य लगानी	०।००	
१२	अन्य अनुदान रकम प्राप्त		११०३६३१९९।००	७	दैवि प्रकोप कोष खर्च	१८८२०१९।००	१८८२०१९।००
१२.१	सामाजिक सुरक्षा कार्यक्रम अनुदान	११०३६३१९९।००		८	धरौटी फिर्ता	१५६०४६२।००	१५६०४६२।००
१२.२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम-चालु	०।००		९	कोष खर्च (निकासा फिर्ता)		०।००
१२.३	राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग-पूँजिगत	०।००		९.१	मर्मत संभार कोष खर्च	०।००	
१२.४	समाज कल्याण कार्यक्रम	०।००		९.२	वातावरण कोष खर्च	०।००	
१२.५	सडक बोर्ड नेपाल	०।००		१०	मौज्दात		
१२.६	बेटी बच्चाउ बेटी पढाउ	०।००			क) नगद मौज्दात	०।००	०।००
१२.७	यूनिसेफ शिक्षा	०।००			ख) बैंक मौज्दात		७७६१४००४।४१
१२.८	राष्ट्रपति महिला उत्थान कार्यक्रम	०।००		१०.१	संचित मुल कोष मौज्दात	६६४७६१३।१९	
१२.९	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम-पूँजिगत	०।००		१०.२	आन्तरिक अनुदान मौज्दात	२०६६०००।००	
				१०.३	आन्तरिक श्रोत मौज्दात	३९४०८४०।२०	
१३	विभिन्न दायित्व बाँकी		५९६३८१३।७९	१०.४	बाँडफाँडबाट प्राप्त राजस्व मौज्दात	५३३८१६७७	
	चालु तर्फ दायित्व(करहरु दाखिला) बाँकी	७१३२५१।२५		१०.५	विविध कोष खाता मौज्दात	०।००	
	चालु तर्फ चेक साटन बाँकी	४२२१२३।००		१०.६	चालु खर्च खाता मौज्दात	४३२४४३८९।९६	
	चालु तर्फ बिमा/क.स.कोष/कर/धरौटीहरुको चेक साटन बाँकी	२९८०४०६।५२		१०.७	पूँजिगत खर्च खाता मौज्दात	८५२१७५८।६३	
	पूँजिगत दायित्व(कन्टिजेन्सी तथा कर दाखिला) बाँकी	८९१२८१।०२		१०.८	धरौटी मौज्दात	५८६८७९६।६६	
	पूँजिगत तर्फ चेक साटन बाँकी	९४८७५२।००		१०.९	दैवि प्रकोप कोष खाता	१३७०८८८।००	
				१०.१०	विविध खर्च खाता	६१५५५०।००	
	जम्मा	६०३३८०३९३।१४	६०३३८०३९३।१४		जम्मा	६०३३८०३९३।१४	६०३३८०३९३।१४

तयार गर्ने

सदर गर्ने

प्रमुख प्रशासकीय अधिकृत

बेरूजु दफा ७९.६ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स.	स्वास्थ्य संस्थाको नाम	बि.सि.जि.	रोटा		एफ आई पि भि		पि सि भि			पेन्टा			दादुरा रुबेला		जे.ई	टाइफाईड	
			१	२	१	२	१	२	३	१	२	३	१	२	१	१	
१	स्वास्थ्य चौकी हरकट्टी	८७	८६	८६	८५	८३	८६	८६	९४	८६	८६	८९	९१	८३	७१	८३	
२	स्वास्थ्य चौकी तुलसीपुर	९२	९२	९२	९१	८९	९२	९१	९१	९२	९१	९१	९१	९१	९१	९२	
३	स्वास्थ्य चौकी पिपरा प्र.पी.	१५१	१४७	१६३	१४९	१४०	१५३	१६२	१४१	१६२	१५९	१५३	१३६	१३९	१२०	१३८	
४	स्वास्थ्य चौकी ईटाटार	१३०	११७	१२०	१२४	१२१	११५	१२७	१२१	११५	१२४	१२५	१२०	१२४	१४७	१२४	
५	औरही अस्पताल	११८	११८	१२१	११७	११४	११६	१२०	११६	११६	११९	११८	११६	११९	१२२	११९	
	जम्मा	५६१	५६०	५८२	५६६	५४७	५६२	५८६	५६३	५७१	५७९	५७६	५५४	५५६	५५१	५५६	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकको पद रिक्त रहेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।